CC-0. Digitized by eGangotri and MIDF- Delhi

# भगवद्गीता सार



कृष्णकृपामूर्ति

**श्री श्रीमद् अभयचरणारविन्द भक्तिवेदान्त स्वामी प्रभुपाद**

संस्थापकाचार्य : अन्तर्राष्ट्रीय कृष्णभावनामृत सङ्घ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepa

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepa

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री गुरु गौराङ्गको जय

# भगवद्गीता सार

कृष्णकृपामूर्ति
श्री श्रीमद् अभयचरणारविन्द भक्तिवेदान्त स्वामी प्रभुपाद
संस्थापकाचार्य-अन्तर्राष्ट्रिय कृष्णभावनामृत सङ्घ

भक्तिवेदान्त बुक ट्रस्ट

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**कृष्णकृपामय श्री श्रीमद् अभयचरणारविन्द भक्तिवेदान्त स्वामी प्रभुपादद्वारा विरचित ग्रन्थ रत्नहरू**

१. श्रीमद्भागवद्गीता यथारूप
२. श्रीमद्भागवतम् स्कन्ध १-१२ (३० खण्डमा)
३. श्रीचैतन्य-चरितामृत (१७ खण्डमा)
४. लीलापुरूषोत्तम भगवान् श्रीकृष्ण
५. श्रीचैतन्य महाप्रभुको शिक्षामृत
६. कृष्ण चेतना अद्वितीय उपहार
७. भक्तराज प्रह्लाद महाराजको शिक्षामृत
८. देवहुति नन्दन कपिलदेवको शिक्षामृत
९. प्रमेमावतार भगवान् श्रीचैतन्य महाप्रभु
१०.भगवत्दर्शन पत्रिका (संस्थापक)
११. राजविद्या
१२. कृष्णतिर
१३. श्रीउपदेशामृत
१४. योगको पूर्णता
१५. रसराज श्रीकृष्ण
१६. भक्तिरसामृत सिन्धु
१७. पारमार्थिक प्रश्नोत्तर
१८. कृष्णभावनाको आचरण
१९. कृष्णभक्ति: सर्वोच्च योग
२०. भगवद्दर्शन (मासिक पत्रिका) संस्थापक

**नेपालीमा अनुवादित पुस्तकहरू**

१. श्रीमद्भागवद्गीता यथारूप
२. लीलापुरुषोत्तम भगवान् श्रीकृष्ण
३. जीवनबाट जीवन आउँछ
४. पूर्ण प्रश्न पूर्ण उत्तर
५. जन्म र मृत्युभन्दा पर
६. राजविद्या
७. अन्य लोकहरूको सजिलो यात्रा
८. भक्तिरसामृत सिन्धु
९. चैतन्य महाप्रभुको दिव्य उपदेश
१०. रसराज श्रीकृष्ण
११. जन्म र मृत्यु भन्दा पर
१२. हरे कृष्ण चुनौती
१३. श्रीउपदेशामृत
१४. भक्तराज प्रह्लाद महाराजको शिक्षामृत
१५. श्रीइशोपनिषद
१६. धर्म
१७. भगवद्गीता सार
१८. उज्ज्वल भागवत्को प्रकाश
१९. अध्यात्म योग
२०. परमानन्दको मार्ग
२१. महारानी कुन्तीको शिक्षा
२२. अद्वितीय उपहार
२३. कृष्ण चेतनाको वैज्ञानिक आधार
२४. आत्मसाक्षात्कारको मार्ग
२५. आत्म-विज्ञान
२६. योगको पूर्णता
२७. भगवान् श्रीकृष्णतर्फ उन्मुख
२८. कृष्ण चेतनातर्फ उन्मुख
२९. परमेश्वरको सन्देश
३०. जपकीर्तन गरौँ र सुखी बनौँ
३१. उत्कृष्टताको मार्ग

विस्तृत जानकारीका लागि
श्रीश्रीराधाकृष्ण मन्दिर, हरेकृष्णधाम, बूढानीलकण्ठ, पो. बा. ३५२०
काठमाडौं, नेपाल । फोन : ४३७३७८६,
इमेल:prabhupadbooknepal@gmail.com

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepa

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# प्रकाशकको भनाइ

*भगवद्गीता* पुरातन भारतको सबैभन्दा उत्कृष्ट आध्यात्मिक पुस्तक हो। अन्तर्राष्ट्रिय कृष्णभावनामृत सङ्घका संस्थापक आचार्य श्रील प्रभुपादले यो *भगवद्गीताको* मूल अनुवाद प्रत्येक श्लोकको प्रबुद्ध तात्पर्यसहित १९६७ मा गर्नु भएको थियो। भर्खरै पश्चिमी जगत्मा आउनु भएका हुनाले त्यस समयमा यो पुस्तक प्रकाशन गर्न सक्नु भएन। त्यसैले, *भगवद्गीताको* परिचय भनेर जे लेख्नु भएको थियो, त्यो पहिला छुट्टै सानो पर्चाको रूपमा प्रकाशित भयो। यो पुस्तक त्यसैको पुनः प्रकाशन हो। पाठकले यसमा *भगवद्गीताको* स्पष्ट र सोझो तरिकाले यसको दर्शन उजागर पाउने छन्। जसले प्रथम पटक *भगवद्गीता* अध्ययन गर्न लाग्नु भएको छ उहाँका लागि यो सार अति महत्त्वपूर्ण हुनेछ। *भगवद्गीताका* अन्य अनुवाद र प्रस्तुतिभन्दा श्रील प्रभुपादले *भगवद्गीतालाई* आफ्नो व्यक्तिगत कल्पना र व्याख्या वा टिप्पणीबाट मुक्त भएर प्रस्तुत गर्नु भएको छ। भगवान् श्रीकृष्णले वास्तवमा गीतामा के शिक्षा दिनु भएको छ उहाँले हामीलाई त्यसैमा केन्द्रित गर्नु भएको छ। यिनै कारणहरूले गर्दा हामीहरू यो *भगवद्गीता* सार यहाँहरूका लागि सञ्चरणीय र ज्ञानको प्रकाश प्रदान गर्ने पुस्तकको रूपमा प्राप्त हुनेछ भन्ने कुरामा विश्वस्त छौं।

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

**Introduction to Bhagavad-gītā (Nepali)**
1st printing : 20,000 copies
2nd to 3rd printings : 20,000 copies
**4th printing, October 2023 : 10,000 copies**

©२०१४ भक्तिवेदान्त बुक ट्रस्ट
सर्वाधिकार सुरक्षित

**ISBN: 978-93-83095-34-6**

प्रकाशित तथा मुद्रित:
**भक्तिवेदान्त बुक ट्रस्ट**
हरे कृष्ण धाम
जुहु, मुंबई ४०० ०४९, भारत
admin@indiabbt.com
**ET6N**

---

## ट्रान्सेन्ड

उच्चस्तरको जीवनको लागि
संसारको पहिलो एपमा अडियो वा सुन्न सकिने पुस्तक
र ई-पुस्तक दुवैमा उपलब्ध

**८०००+**
घण्टाको अडियो वा सुन्न सकिने रेकर्डिङ्ग

**२००००+**
घण्टाको अनुवाद सहितको संस्कृत श्लोकहरूको उच्चारण पाठ

**११**
भाषाहरूमा

**पूर्ण**
सुरक्षित परिक्षण

**उपहार**
जीवनभरिको लागि

**६००+**
का पूरक ई-पुस्तकहरू

**२७०००**
पृष्ठको वैदिक साहित्य

**चल्न सक्ने**
२ वटा उपकरणमा

**खरिद गरेर**
एक पटक, जीवनभरि आनन्द लिन सकिने

**२४/७ नै**
ग्राहकको लागि सहायता उपलब्ध

आफ्नो भाषाको लागि क्यू आर कोडमा स्क्यान गर्नुहोस्

सुन्नुहोस्, सिक्नुहोस्, ट्रान्सेन्ड प्राप्त गर्नुहोस्
दिव्य पुस्तकहरूको भण्डार तपाईंको आँलाको टुप्पामा
transcendstore.com
© १९७२, २०२२ भक्तिवेदान्त बुक ट्रस्ट

अहिले नै डाउनलोड गर्नुहोस्
transcendstore.com

Digitized by Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# दृश्यको परिवेश

हुनत *भगवद्गीता* सर्वत्र प्रकाशित र सबैले अध्ययन गरेका छन् तर यो मूलतः महाभारतको दृश्यमा देखा परेको हो र यो पुरातन जगत्को ऐतिहासिक संस्कृत काव्य हो। महाभारतले त्यस समयको घटना वर्णन गर्दछ, जसले वर्तमान कलियुगसम्म पनि प्रमुखता वा महत्त्वता पाइरहेको छ। पाँच हजार वर्ष अघि यो युगको प्रारम्भमा भगवान् श्रीकृष्णले *भगवद्गीता* आफ्ना मित्र वा सखा अर्जुनलाई भन्नु भएको हो।

उहाँहरूको वार्तालाप मानिसले जानेसम्म सबैभन्दा विशाल दर्शन र धार्मिक कुराकानी हो। यो वार्तालाप त्यस समयमा भएको हो, जब धृतराष्ट्रका सय छोराहरू र काका पाण्डुका छोरा पाण्डव बीच विवाद भएर भ्रातृ हत्याजन्य युद्ध प्रारम्भ हुन लागेको थियो।

धृतराष्ट्र र पाण्डु दुई भाइ कुरुवंशमा जन्मेका थिए र उनीहरू राजा भरतका सन्तति थिए। राजा भरत पूर्व सम्राट थिए र उनको नामबाट नै महाभारत नाम उत्पन्न भएको हो। धृतराष्ट्र जन्म अन्धा भएकाले उनले प्राप्त गर्नु पर्ने राज्य उनका भाइ पाण्डुका हातमा पुगेको थियो।

जब पाण्डुको युवा अवस्थामा मृत्यु भयो उनका पाँच सन्तान-युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव धृतराष्ट्रको संरक्षणमा आए। केही समयपछि त्यसको असर राजालाई पऱ्यो। धृतराष्ट्रका छोराहरू र पाण्डुका छोराहरू एउटै राजदरबारमा हुर्किए। ती दुवैले युद्धकलामा निपुण द्रोणबाट तालिम प्राप्त गरे र परामर्श दिने कार्य कुलका हजुरबुबा भीष्मबाट भयो।

धृतराष्ट्रका छोराहरू मध्ये विशेष गरेर जेठा छोरा दुर्योधनले पाण्डवलाई घृणा गर्दथे र शत्रुता पनि गर्दथे। अन्धा र कमजोर मन


agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


भएका धृतराष्ट्रले आफ्नो उत्तराधिकार पाण्डुका छोरालाई नदिएर आफ्ना छोराहरूलाई दिन चाहन्थे।

त्यसैले, धृतराष्ट्रको सहमति पाएर दुर्योधनले पाण्डुका साना छोराहरूलाई मार्ने योजना बनाए तर, मामाका छोरा भगवान् श्रीकृष्ण र काका विदुरको कुशल संरक्षणले गर्दा उनीहरू यस्ता धेरै मार्ने योजनाबाट पनि सुरक्षित भए।

अब, भगवान् श्रीकृष्ण एकजना सामान्य मानिस हुनु हुन्नथ्यो उहाँ त स्वयं भगवान् हुनु हुन्थ्यो। उहाँ समकालीन वंशमा राजकुमार भएर त्यसको अभिनय गर्न अवतरित हुनु भएको थियो। यस अभिनयमा उहाँ पाण्डुकी पत्नी कुन्ती वा पृथा पाण्डवकी आमाका भदा हुनु भएको थियो। दुवैका नातेदार र धर्मका सनातन रक्षक भगवान् श्रीकृष्णले धर्म परायण पाण्डुका छोराहरूलाई कृपा गर्नु भयो र उनीहरूको संरक्षण गर्नु भयो।

अन्ततोगत्वा चलाख दुर्योधनले पाण्डवलाई जुवा खेल्ने चुनौती दिए। भाग्यमा निर्भर त्यस प्रतिस्पर्धामा दुर्योधन र उसका भाइहरूले द्रौपदीको स्वामित्व प्राप्त गरेपछि पाण्डवकी भक्त र सदाचारिणी पत्नीको अपमान गर्दै राजा र राजकुमारको सभामा नाङ्गै बनाउन खोजे। भगवान् श्रीकृष्णको दैविक हस्तक्षेपले उनको रक्षा भयो। तर, पुनः जुवा खेलमा ठगेर पाण्डवलाई उनको राज्यबाट बलपूर्वक तेह्र वर्षको लागि वनवास जानु पर्ने बनाए।

वनवासबाट फर्केपछि उनीहरूले दुर्योधनसँग अधिकारजनित आफ्नो राज्य फिर्ता मागे तर दुर्योधनले सिधै राज्य दिन अस्वीकार गरे। राजकुमारका कार्यप्रति प्रतिवद्ध र जनताको प्रशासन गर्दै सेवा गर्नु पर्ने भएकाले पाण्डवले केवल पाँच गाउँ मात्र प्राप्त गर्ने आफ्नो याचनालाई घटाए। तर, दुर्योधनले क्रोधपूर्ण उत्तर दिँदै एउटा सियोको टुप्पो जति पनि जमिन नदिने भने।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepa

CC-0. Digitized by eGangotri and MIDF- Delhi


यस्तो हुँदा पनि पाण्डवहरू दृढतापूर्वक सहन गर्दै धैर्यतापूर्वक रहे तर, अब युद्ध अवश्यम्भावी भयो।

अब संसारभरिका राजकुमार दुई भागमा विभाजित भए। एउटा पक्ष धृतराष्ट्रका छोरा तर्फ भयो र अर्को पाण्डवको पक्षमा भयो। भगवान् श्रीकृष्ण स्वयं पाण्डवका दूत भएर शान्तिको याचना गर्न धृतराष्ट्रको सभामा जानु भयो। जब उहाँको शान्ति प्रस्ताव अस्वीकार भयो, तब युद्ध निश्चित भयो।

आफ्नो उच्चस्तर नैतिक मान्यतामा स्थिर पाण्डवले श्रीकृष्णलाई भगवान् हुनुहुन्छ भनेर जाने तर, अपवित्र धृतराष्ट्रले त्यो जान्न सकेनन्। भगवान् श्रीकृष्णले प्रतिपक्षको इच्छाअनुसार युद्धमा जान स्वीकृति दिनु भयो। भगवान् हुनु भएकाले उहाँ स्वयंले युद्ध गर्नु भएन तर, जसले चाहना गर्छ उसलाई आफ्ना सैनिक उपलब्ध गराउने भन्नु भयो। अर्कोतर्फ भगवान् श्रीकृष्ण स्वयं केवल सल्लाहकार र सहयोगीको रूपमा रहनु भयो। दुर्योधन राजनीतिमा निपुण भएकाले भगवान् श्रीकृष्णका सैनिक कब्जा गऱ्यो र पाण्डवहरू केवल भगवान् श्रीकृष्णलाई मात्र प्राप्त गर्न सम्पूर्ण तरिकाले तीव्र इच्छुक थिए।

यसप्रकार भगवान् श्रीकृष्ण धनुर्धर अर्जुनका सारथि बन्नु भयो। यस विन्दुले नै हामीलाई *भगवद्गीताको* प्रारम्भमा लैजान्छ। त्यस समय दुवै सेना सैन्य मोर्चामा थिए र युद्ध गर्न तयार थिए। त्यसै समय धृतराष्ट्रले कौतुहलतापूर्वक आफ्ना सचिव सञ्जयसँग यस्तो प्रश्न गरे—"तिनीहरूले के गरे?"

यो दृश्य परिवेश केवल विस्तृत अनुवाद र तात्पर्यका लागि आवश्यक भएकाले प्रस्तुत गरिएको हो।

साधारणतया *भगवद्गीताको* अङ्ग्रेजी अनुवादको ढाँचामा अनुवादकहरूले भगवान् श्रीकृष्णलाई अलग गरेर केवल आफ्नो दर्शन

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


र अवधारणा प्रस्तुत गर्दछन्। महाभारतको इतिहासलाई मानिसले अनौठो पौराणिक कथाका रूपमा लिन्छन् अनि भगवान् श्रीकृष्णलाई विद्वान्को विचारमा प्रस्तुत गरिने एउटा कविता उपकरण जस्तो वा सामान्य ऐतिहासिक व्यक्तिको रूपमा प्रस्तुत गर्दछन्। तर, 'भगवान् श्रीकृष्ण *भगवद्गीताका* लक्ष्य र सार हुनुहुन्छ'—गीता स्वयं पनि भन्दछिन्।

यो अनुवाद र तात्पर्य दुवैको उद्देश्य भनेको पाठकलाई भगवान् श्रीकृष्णतर्फ उन्मुख गराउनु हो, विमुख गराउनु होइन। त्यसैले, *भगवद्गीता* पूर्णरूपमा र आफ्नो सिद्धान्तमा अटल छ। *भगवद्गीताका* वक्ता भगवान् श्रीकृष्ण हुनुहुन्छ। यसको परम लक्ष्य भनेको '*भगवद्गीता-यथारूप*' प्रस्तुत गर्नु हो र यो महान् शास्त्र सोही शब्दअनुरूप छ।

प्रकाशक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepa

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# परिचय

*भगवद्गीतालाई* गीतोपनिषद भनेर पनि जानिन्छ। यो वैदिक ज्ञानको सार हो र यो वैदिक साहित्यको महत्त्वपूर्ण उपनिषद मध्ये एक हो। निश्चय नै *भगवद्गीताको* अङ्ग्रेजीमा धेरै तात्पर्यहरू छन्। त्यसैले, प्रश्न गर्न सकिन्छ, यो अर्को किन आवश्यक छ? यो प्रकाशनका बारेमा यसरी व्याख्या गर्न सकिन्छ। अहिले भर्खर एउटी अमेरिकी महिलाले मलाई '*भगवद्गीताको* अङ्ग्रेजीमा अनुवादको कुन पुस्तक उपयुक्त छ?' भनेर सिफारिस गर्न भनिन्। निश्चय नै अमेरिकामा *भगवद्गीता* अङ्ग्रेजी भाषामा प्रकाशित भएको पुस्तक उपलब्ध छ तर, अमेरिका मात्र होइन भारतमा पनि कुनै पनि प्रकाशित पुस्तक स्पष्टसँग आधिकारिक छ भन्न नसकेको मैले देखको छु, किनभने प्रत्येक पुस्तकमा टिप्पणीकारले *भगवद्गीताको* मर्मलाई नछोएर केवल आफ्नो विचार व्यक्त गरेका छन्।

*भगवद्गीताको* अभिप्राय के हो भनेर स्वयं *भगवद्गीतामा* नै उल्लेख गरिएको छ। यो कुरा यस्तो हो — यदि हामीले कुनै औषधी सेवन गर्नु छ भने हामीले त्यसको बोधपत्र वा आवरणमा लेखिएको निर्देशनको पालना गर्नु पर्दछ। हामीले औषधी आफ्नो कल्पना वा मित्रको भनाइअनुसार सेवन गर्न सक्दैनौँ। त्यो औषधी त्यसको आवरणमा लेखेको निर्देशनअनुसार वा चिकित्सकको निर्देशन अनुसार सेवन गर्नु पर्दछ। त्यसरी नै *भगवद्गीता* पनि त्यसका वक्ता स्वयंले जसरी निर्देशन गर्नु भएको छ। त्यसरी नै लिनु पर्दछ वा स्वीकार गर्नु पर्दछ। *भगवद्गीताका* वक्ता भगवान् श्रीकृष्ण हुनुहुन्छ। *भगवद्गीताका* प्रत्येक पन्नाहरूमा उहाँलाई भगवान् भनेर सम्बोधन गरिएको छ। निश्चय नै भगवान् शब्दले कुनै शक्तिशाली व्यक्तिलाई वा शक्तिशाली देवतालाई पनि बुझाउँदछ। तर, त्यही समयमा हामीले के बुझ्नु पर्दछ भने भगवान् केवल श्रीकृष्ण मात्र हुनुहुन्छ भनेर


agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


सबै आर्चायहरू जस्तै—शंकराचार्य, रामानुजाचार्य, माध्वाचार्य, निम्वार्क स्वामी, श्री चैतन्य महाप्रभु र भारतका वैदिक ज्ञानका अधिकारीहरूले समर्थन र पुष्टि गर्नु भएको छ। भगवान् स्वयंले पनि उहाँ आफैँ भगवान् हुँ भनेर भगवद्गीतामा स्थापित गर्नु भएको छ। उहाँ भगवान् हुनुहुन्छ भनेर ब्रह्मसंहिता, सबै पुराणहरू, विशेष गरेर *श्रीमद्भागवत* जसलाई *भगवत* पुराण भनिन्छ (**कृष्णस्तु भगवान् स्वयं**) ले पनि स्वीकार गरेको छ। त्यसैले, हामीले भगवान् स्वयंले जसरी निर्देशन दिनु भएको छ, त्यसरी नै *भगवद्गीतालाई* यथारूप ग्रहण गर्नु पर्दछ।

*भगवद्गीता* (४.१–३) मा भगवान्ले भन्नु भएको छ—

**इमं विवस्वते योगं प्रोक्तवानहमव्ययम् ।**
**विवस्वान् मनवे प्राह मनुरिक्ष्वाकवेऽब्रवीत् ॥**
**एवं परम्पराप्राप्तमिमं राजर्षयो विदुः ।**
**स कालेनेह महता योगो नष्टः परन्तप ॥**
**स एवायं मया तेऽद्य योगः प्रोक्तः पुरातनः ।**
**भक्तोऽसि मे सखा चेति रहस्यं ह्येतदुत्तमम् ॥**

यहाँ भगवान्ले अर्जुनलाई जानकारी दिँदै भन्नु भयो- योग पद्धति वा *भगवद्गीता* उहाँले सर्वप्रथम सूर्यलाई भन्नु भएको थियो, सूर्यले मनुलाई वर्णन गर्नु भएको थियो र मनुले इक्ष्वाकलाई व्याख्या गर्नु भएको थियो। यसरी यो योग पद्धति तलसम्म आइपुगेको थियो तर, केही समयपछि यो हरायो वा लुप्त भयो। फलस्वरूप कुरूक्षेत्रको युद्धभूमिमा भगवान्ले त्यही ज्ञान पुनः अर्जुनलाई भन्नु पऱ्यो।

भगवान्ले अर्जुनलाई तिमी मेरो भक्त र मित्र भएकाले यो परम गोप्य ज्ञान तिमीलाई दिँदछु भनेर भन्नु भयो। *भगवद्गीताको* यो तात्पर्य वा टिप्पणीरूपी ग्रन्थ विशेष गरेर भगवान्का भक्तका लागि लेखिएको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepa

CC-0. Digitized by eGangotri and MIDF- Delhi


हो। अध्यात्मवादीहरू तीन प्रकारका हुन्छन्—ज्ञानी, योगी र भक्त (निराकारवादी, ध्यान गर्ने र भक्त)। भगवान्ले यहाँ स्पष्टसँग अर्जुनलाई भन्नु भएको छ, परम्परा नष्ट भएकाले अब तिमी नयाँ परम्पराको पहिलो स्रोत बन। उही पुरानो विचार वा ज्ञान जुन सूर्यदेवबाट अरूले सुनेका थिए, त्यही आत्मज्ञान अर्को परम्परा स्थापित गरेर नयाँ स्रोतरूपी अर्जुनमार्फत वितरण गर्नु भयो र त्यसो गर्नु पनि भगवान्को इच्छा नै हो। *भगवद्गीतालाई* बुझ्ने अधिकारी अर्जुन बनून् भन्ने भगवान्को इच्छा थियो। त्यसैले, अर्जुन भगवान्का सोझै विद्यार्थी, अभिन्न मित्र र भक्त भएकाले उनलाई *भगवद्गीताको* विशेष प्रकारले उपदेश दिइएको हामीले देखेका छौं। त्यसकारण, अर्जुनका समान गुण भएका व्यक्तिले मात्र *भगवद्गीता* सही तरिकाले बुझ्न सक्दछ। त्यसको अर्थ त्यो व्यक्ति भक्त हुनु पर्दछ। भगवान्सँग सिधा सम्बन्ध हुनु पर्दछ, जब मानिस भगवान्को भक्त बन्दछ अनि उसको पनि भगवान्सँग सिधा सम्बन्ध स्थापित हुन्छ। यो एउटा धेरै विस्तृत व्याख्या गरिने विषय हो तर, सङ्क्षिप्तमा भगवान् र भक्तको सम्बन्धको व्याख्या यसरी पाँच प्रकारले गर्न सकिन्छ।

१) निष्क्रिय भक्त
२) सक्रिय भक्त
३) मित्रवत् भक्त
४) मातृपितृवत् भक्त
५) दाम्पत्य प्रेमी भक्त

भगवान्सँग अर्जुनको मित्रवत् सम्बन्ध थियो। निश्चय नै त्यो मित्रवत् सम्बन्ध र यस भौतिक जगत्को मित्रवत् सम्बन्धमा ठूलो अन्तर छ। यो दिव्य मित्रता हो, जुन प्रत्येकले प्राप्त गर्न सक्दैन। निश्चय नै भगवान्सँग प्रत्येकको एकप्रकारको सम्बन्ध हुन्छ र त्यो सम्बन्ध

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भक्तिमय सेवाको पूर्णताअनुसार नै विभिन्न नामले बोलाइन्छ। तर, हाम्रो जीवनको वर्तमान अवस्थामा हामीले भगवान्सँगको हाम्रो सम्बन्धलाई बिर्सिएका मात्र छैनौं, हामीले भगवान्सँगको हाम्रो नित्य सम्बन्ध पनि बिर्सिएका छौं। लाखौँ करोडौँ धेरै धेरै जीव प्रत्येक जीवको भगवान्सँग एकप्रकारको नित्य सम्बन्ध हुन्छ। त्यसलाई स्वरूप भनिन्छ। भक्तिमय सेवाको प्रक्रियाद्वारा मानिसले स्वरूप पुनर्जागरण गर्न सक्दछ। त्यो अवस्थालाई स्वरूप सिद्धि भनिन्छ। अर्जुन भक्त थिए, त्यसैले उनी भगवान्सँगको मित्रवत् सम्बन्धमा थिए।

अर्जुनले *भगवद्गीतालाई* कसरी स्वीकार गरे त्यो जान्न आवश्यक छ। उनको स्वीकारोक्तिको शैली कस्तो थियो भन्ने बारेमा दशौं अध्याय (१०.१२–१४) मा उल्लेख गरिएको छ।

अर्जुन उवाच

**परं ब्रह्म परं धाम पवित्रं परमं भवान् ।**
**पुरुषं शाश्वतं दिव्यमादिदेवमजं विभुम् ॥**
**आहुस्त्वामृषयः सर्वे देवर्षिनारदस्तथा ।**
**असितो देवलो व्यासः स्वयं चैव ब्रवीषि मे ॥**
**सर्वमेतदृतं मन्ये यन्मां वदसि केशव ।**
**न हि ते भगवन्व्यक्तिं विदुर्देवा न दानवः ॥**

अर्जुनले भने—"हजुर भगवान् हुनुहुन्छ, हजुर परमधाम, पवित्र र परम सत्य हुनुहुन्छ। हजुर शाश्वत, दिव्य, परम पुरुष, अजन्मा र विभु हुनुहुन्छ। नारद, असित, देवल र व्यासजस्ता सबै महान् ऋषिहरूले यो सत्यको पुष्टि गर्नु भएको छ र हजुरले पनि त्यही भनिरहनु भएको छ। हे कृष्ण! हजुरले भन्नु भएका सबै सत्यलाई पूर्णरूपले स्वीकार गर्दछु। हे देव! देवता वा दानव कसैले पनि हजुरको व्यक्तित्वका बारेमा बुझ्न सक्दैनन्।"

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepa

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भगवान्‌ले *भगवद्गीतामा* भन्नु भएको सुनेपछि अर्जुनले भगवान् श्रीकृष्णलाई 'परम् ब्रह्म' हुनुहुन्छ भनेर स्वीकार गरे। प्रत्येक जीव ब्रह्म हो तर, परम जीव वा भगवान् परम ब्रह्म हुनुहुन्छ। परमधाम भनेको सर्वोच्च स्थान हो। पवित्र भनेको पवित्रता वा भौतिक सङ्क्रमणबाट मुक्ति हो। पुरुष भनेको परम आनन्द लिने, शाश्वत भनेको नित्य, '**दिव्यं**' भनेको दिव्य, '**आदिदेवं**" भनेको मूल भगवान्, **अजम** भनेको अजन्मा र **विभुम्** भनेको महानतम् हो।

अब कसैले सोच्न सक्दछ—भगवान् श्रीकृष्ण अर्जुनका मित्र हुनु हुन्थ्यो तैपनि अर्जुनले यस्ता झूटो प्रशंसा वा चापलुसीले युक्त शब्द किन प्रयोग गरे? *भगवद्गीताका* पाठकको शङ्का निवारणार्थ यी प्रशंसालाई तथ्यपूर्ण बनाउनका लागि अर्को श्लोकमा उनले भगवान् श्रीकृष्णलाई भगवान् नै हुनुहुन्छ भनेर आफूले मात्र स्वीकार गरेको नभएर आधिकारिक व्यक्ति, जस्तै—नारद, असित, देवल र व्यासले पनि स्वीकार गर्नु भएको उल्लेख गरेका छन्। उहाँहरू महान् व्यक्ति हुनु हुन्थ्यो जसले वैदिक ज्ञानलाई सर्वत्र फैलाउनु भएको थियो। त्यसकारण भगवान् श्रीकृष्णले जे भन्नु भयो त्यो पूर्ण सत्य हो भनेर स्वीकार गर्दछु भनेर अर्जुनले भने। '**सर्वमेतद ऋतं मन्ये**'—"हजुरले जे भन्नु भयो त्यो सबै सत्यलाई स्वीकार गर्दछु।" भगवान्‌को व्यक्तित्वका बारेमा बुझ्न धेरै अप्ठ्यारो छ र उहाँलाई देवताहरूले पनि बुझ्न सक्दैनन् भनेर अर्जुनले भनेका छन्। त्यसको अर्थ भगवान्‌का बारेमा मानवभन्दा महान् व्यक्तिहरूले बुझ्न सक्दैनन्। त्यसैले, भगवान्‌का भक्त नबनेसम्म मानवले भगवान् श्रीकृष्णलाई कसरी बुझ्न सक्दछ?

त्यसकारण, *भगवद्गीतालाई* भक्तिको उत्साहले ग्रहण गर्नु पर्दछ। मानिसले आफूलाई भगवान् श्रीकृष्ण समान सोच्नु हुँदैन र भगवान् श्रीकृष्णलाई सामान्य व्यक्ति जस्तो पनि सोच्नु हुँदैन साथै उहाँ धेरै महान्

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi



व्यक्तित्व हुनुहुन्छ भन्ने पनि सोच्नु हुँदैन। भगवान् श्रीकृष्ण केवल भगवान् हुनुहुन्छ। *भगवद्गीताको* भनाइलाई र अर्जुनको भनाइ जुन व्यक्तिले *भगवद्गीता मार्फत* अध्ययन गर्न र बुझ्न चाहन्छ उसले कम्तिमा पनि सैद्धान्तिक तरिकाले भगवान् श्रीकृष्णलाई भगवान् हुनुहुन्छ भनेर स्वीकार गर्नु पर्दछ। अनि, आत्मसमर्पण वा विनम्रताले युक्त उत्साह-सहित भए मात्र *भगवद्गीतालाई* बुझ्न सकिन्छ। जबसम्म विनम्रताले युक्त उत्साहले *भगवद्गीताको* अध्ययन गरिँदैन, तबसम्म *भगवद्गीतालाई* बुझ्न धेरै कठिन हुन्छ किनभने, यो महान् रहस्य हो।

*भगवद्गीता* के हो त? *भगवद्गीताको* उद्देश्य भनेको मानिसलाई यस भौतिक अवस्थाको अज्ञानताबाट मुक्त गर्नु हो। जसरी कुरुक्षेत्रको युद्धभूमिमा युद्ध गर्नका लागि अर्जुनलाई धेरै समस्या आइपरेको थियो, त्यसरी नै प्रत्येक व्यक्ति विभिन्न प्रकारका समस्याले ग्रसित छ। अर्जुन भगवान् श्रीकृष्णको शरणमा परे र परिणामस्वरूप यो *भगवद्गीता* सुनाउने कार्य सम्पन्न भयो। अर्जुन मात्र होइन हामी सबै यस भौतिक अवस्थाका कारणले गर्दा पूर्णरूपले चिन्ताग्रस्त छौं। हाम्रो अस्तित्व नै अस्तित्वहीनताको वातावरणभित्र अवस्थित छ। वास्तवमा हामी अस्तित्वहीनताद्वारा भयभीत हुनका लागि होइनौं। हाम्रो अस्तित्व शाश्वत र नित्य छ तर, कुनै अन्य कारणले गर्दा हामी यो असतभित्र राखिएका छौं। असत भनेको 'जुन अस्तित्वमा छैन' भन्नु हो।

यति धेरै मानवहरूमध्ये जो पीडाग्रस्त छन् ती मध्ये केही मानिसले मात्र आफ्नो अवस्थाका बारेमा वास्तवमा जिज्ञासा राख्दछ— ऊ किन यो अवस्थामा छ? किन उसलाई यस्तो अप्ठ्यारो अवस्थामा राखिएको छ? आदि। जबसम्म मानिसले आफू किन पीडा ग्रस्त छु भन्ने प्रश्न गर्न सक्दैन, जबसम्म म पीडाग्रस्त हुन चाहन्न र यस्ता पीडाको समाधान गर्न चाहन्छु भन्ने बारेमा सचेत हुँदैन तबसम्म त्यस मानवलाई पूर्ण ठानिँदैन।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepa

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जब उसका मनमा यस्ता प्रश्नहरू उठ्न प्रारम्भ हुन्छन् अनि मात्र उसमा मानवताको सुरूआत हुन्छ। ब्रह्मसूत्रमा यस्तो जिज्ञासालाई ब्रह्मजिज्ञासा भनिएको छ। **'अथातो ब्रह्मजिज्ञासा'** जबसम्म मानिसले प्रकृतिका बारेमा जिज्ञासा राख्दैन, तबसम्म उसका प्रत्येक कार्य असफल ठानिन्छन्। त्यसकारण, जसले आफू किन पीडाग्रस्त छु, आफू कहाँबाट आएको हो र मृत्यु पश्चात् कहाँ जाने हो भनेर प्रश्न गर्न प्रारम्भ गर्दछ, त्यो विद्यार्थी नै *भगवद्गीता* बुझ्न योग्य हुन्छ। त्यस्ता निष्ठावान् विद्यार्थीको भगवान्प्रति दृढ श्रद्धा हुनु पर्दछ। अर्जुन त्यस्ता विद्यार्थी थिए।

जब मानिसले आफ्नो सही उद्देश्य भूलेका थिए तब भगवान् श्रीकृष्ण त्यही सही उद्देश्यलाई पुनः स्थापित गर्न विशेष गरेर अवतरित हुनु भएको हो। धेरै धेरै मानव मध्ये जो प्रबुद्ध भएको छ वा बिउँझेको छ त्यस्ताहरू मात्र वास्तवमा आफ्नो अवस्थाका बारेमा जान्न उत्साहित हुन्छन् र यो *भगवद्गीता* तिनीहरूका लागि नै भनिएको हो। वास्तवमा हामीहरू अज्ञानताकी बधिनीद्वारा निलिएका छौं तर, भगवान् विशेष गरेर मानवप्रति अति कृपालु हुनुहुन्छ, त्यसैले त्यसको अन्त्य गर्नका लागि आफ्नो मित्र अर्जुनलाई विद्यार्थी बनाएर *भगवद्गीता* सुनाउनु भयो।

भगवान्सँगको सङ्गतले गर्दा अर्जुन सबै अज्ञानताभन्दा माथि उठेका थिए। तर, कुरुक्षेत्रको युद्धभूमिमा उनलाई अज्ञानतामा राखिएको थियो किनभने, उनीमार्फत जीवनको समस्या सम्बन्धी प्रश्न गराउनु थियो र भविष्यका मानव जातिको हित र उनीहरूको जीवनको रूपरेखा तयार गर्नका लागि भगवान्ले त्यसको व्याख्या गरिदिनु हुनेछ भन्नका लागि थियो। त्यसपछि मानिसले भनेअनुसार र पूर्णरूपले कार्य गरेर आफ्नो मानव जीवनको लक्ष्य प्राप्त गर्न सकोस्।

*भगवद्गीताको* विषयले पाँच मूलभूत सत्यको अपरिहार्यता बोध गराउँदछ। सर्वप्रथम — भगवान्सम्बन्धी विज्ञानको व्याख्या, त्यसपछि

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जीवको वैधानिक अवस्था वा स्थिति। ईश्वर हुनुहुन्छ, जो नियन्त्रक हुनुहुन्छ र जीव जो नियन्त्रित छ। यदि कुनै जीव कर्मबाट नियन्त्रित छैन र म स्वतन्त्र छु भन्दछ भने त्यो व्यक्ति विक्षिप्त हो। जबसम्म मानिस बद्ध जीवनमा छ, तबसम्म ऊ प्रत्येक अवस्थामा नियन्त्रित हुन्छ। त्यसैले *भगवद्गीताको* विषय ईश्वर परम नियन्त्रक र जीव नियन्त्रित प्राणीसँग सम्बन्धित छ। प्रकृति र काल वा समय (सम्पूर्ण ब्रह्माण्डको स्थितिको समय वा प्रकृति व्यक्त हुने) र कर्मका बारेमा पनि व्याख्या गरिएको छ। यो व्यक्त ब्रह्माण्ड विभिन्न प्रकारका क्रियाकलापले भरिएको छ। सबै जीव विभिन्न प्रकारका क्रियाकलापमा संलग्न छन्। *भगवद्गीताको* अध्ययन गरेर हामीले यी कुराहरू बुझ्न आवश्यक छ, जस्तै—भगवान् को हुनुहुन्छ? जीव के हो? प्रकृति के हो? व्यक्त ब्रह्माण्ड के हो? समयले यसलाई कसरी नियन्त्रण गरेको छ र जीवका क्रियाकलाप के हुनु पर्दछ?

*भगवद्गीतामा* यी मूलभूत विषयभन्दा पर भगवान् श्रीकृष्ण ब्रह्म वा परम नियन्त्रक वा परमात्मा तपाईंले जे नाम भने पनि हुन्छ उहाँ सबैभन्दा महान् हुनुहुन्छ भन्ने कुरा स्थापित गरिएको छ। जीवहरू गुणमा परम् नियन्त्रक समान छन्। उदाहरणका लागि—भगवान्ले सम्पूर्ण ब्रह्माण्डको भौतिक प्रकृतिका कार्यहरूको नियन्त्रण गर्नु हुन्छ। यस सम्बन्धमा *भगवद्गीताको* अब आउने अध्यायमा वर्णन गरिने छ। भौतिक प्रकृति स्वतन्त्र छैनन्। उनले भगवान्को निर्देशनअनुसार कार्य गर्दछिन्। भगवान् श्रीकृष्णले भन्नु हुन्छ—'**मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम्-**' "यी भौतिक प्रकृतिले मेरो निर्देशनअनुसार कार्य गर्दछिन्।" जब हामीले ब्रह्माण्डको प्रकृतिमा केही आश्चर्यजनक कार्य भएको देख्दछौं अनि त्यस समय यो ब्रह्माण्ड प्रकट हुनका लागि कुनै नियन्त्रकको हात छ भनेर जान्न पर्दछ। कुनै पनि वस्तु नियन्त्रण विना

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepa

CC-0. Digitized by eGangotri and MIDF- Delhi



प्रकट हुन सक्दैन। नियन्त्रक छैन भन्नु बच्चाले गर्ने कुरा जस्तो हो। उदाहरणका लागि बच्चाले कुनै पनि स्वचालित वाहनलाई देखेर 'यो अनौठो छ, कुनै घोडा वा पशु केहीले पनि नतानी आफैँ चलेको छ' भनेर सोच्दछ तर, बुद्धिमान् व्यक्तिले स्वचालित वाहनको अभियन्ताको व्यवस्था र त्यसको प्रकृति बुझेको हुन्छ। उसलाई त्यो यन्त्र सञ्चालन गर्ने एउटा चालक वा मानिस हुन्छ भन्ने ज्ञान हुन्छ। त्यसरी नै परम भगवान् चालक हुनुहुन्छ र उहाँको निर्देशन र नियन्त्रणमा सम्पूर्ण कार्य भइरहेको हुन्छ। अब भगवान्ले जीवलाई आफ्नो अंशको रूपमा स्वीकार गर्नु भएको छ, यो कुरा अब आउने अध्यायमा वर्णन गरिएको छ। सुनको टुक्रा पनि सुन नै हो, समुद्रको पानीको एक थोपा पनि नुनिलो हुन्छ। त्यसै गरेर हामी जीव पनि परम नियन्त्रक वा ईश्वर वा भगवान् श्रीकृष्णका अंश हौं। त्यसैले, हामीसँग पनि भगवान्का सबै गुणहरूको सानो मात्रा छ किनभने, हामी सानो ईश्वर हौं वा आश्रित वा तल्लो श्रेणीको ईश्वर हौं। हामीले प्रकृतिलाई नियन्त्रण गर्ने प्रयास गर्दछौं। वर्तमान अवस्थामा हामीले अन्तरिक्ष ग्रहलाई नियन्त्रणमा राख्ने प्रयत्न गरिरहेका छौं, यो नियन्त्रण गर्ने प्रवृत्ति वा स्वभाव किन छ भने त्यो भगवान् श्रीकृष्णमा पनि छ। हुनतः हामीमा भौतिक प्रकृति नियन्त्रण गर्ने प्रवृत्ति छ तर, हामी परम नियन्त्रक होइनौं भन्ने हामीले बुझ्न पर्दछ। *भगवद्गीतामा* यस बारेमा व्याख्या गरिएको छ।

भौतिक प्रकृति के हो? *भगवद्गीतामा* व्याख्या गर्दै यस भौतिक प्रकृतिलाई निम्न प्रकृति हो भनिएको छ, जीवलाई उच्चस्तरको प्रकृति भनेर वर्णन गरिएको छ। प्रकृति उच्चस्तरको होस् वा निम्न स्तर त्यो सधैँ नियन्त्रणमा हुन्छ। जसरी पत्नीका सबै क्रियाकलाप पतिद्वारा नियन्त्रित हुन्छन्, त्यसरी नै प्रकृति स्त्री भएकी हुनाले उनी पनि भगवान्बाट नियन्त्रित हुन्छिन्। भगवान् प्रधान हुनु भएको हुनाले र प्रकृति आश्रित

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भएकी हुनाले उनी भगवान्को अधीनमा हुन्छिन्। जीव र प्रकृति दुवै भगवान्का अधीनमा छन् र भगवान्बाट नियन्त्रित हुन्छन्। *भगवद्गीताका अनुसार* हुनतः जीव भगवान्का अंश हुन् तैपनि ती प्रकृति हुन्। *भगवद्गीताको* सातौं अध्यायमा यसको बारेमा स्पष्ट वर्णन गरिएको छ। '**अपरेयमितस्त्वन्यां प्रकृतिं विद्धि मे पराम्। जीवभूतां-**' "यो भौतिक प्रकृति मेरो निम्नस्तरको प्रकृति हो तर, यसभन्दा पर अर्को प्रकृति छ—'**जीवभूतां**' अर्थात् त्यो जीव हो।"

भौतिक प्रकृति तीन प्रकारका गुण—सत्व, रज र तमबाट बनेकी हुन्छिन्। यी तीन गुणभन्दा माथि सनातन समय हुन्छ अनि यी तीन प्रकृतिको संयोग वा मिलन र सनातन समयको नियन्त्रण र शुद्ध दृष्टिबाट नै क्रियाकलाप उत्पन्न हुन्छ जसलाई कर्म भनिन्छ। यस्ता क्रियाकलापहरू अति प्राचीन कालदेखि सम्पन्न हुँदै आइरहेका छन् र तिनै क्रियाकलापका फलले गर्दा हामीले सुख वा दुःख पाइरहेका छौं। उदाहरणका लागि—मानौं म व्यापारी हुँ र मैले आफ्नो बुद्धिद्वारा धेरै कठिन परिश्रम गरेर बैंकमा धेरै धन सङ्ग्रह गरें भने म त्यसको भोक्ता हुन्छु। तर, यदि मैले व्यापारमा सबै धन नष्ट गरें भने म त्यसले गर्दा दुःखित हुन्छु। त्यसै गरेर जीवनका हरेक क्षेत्रमा हामी हाम्रो कर्मको फलको सुख भोग गर्दछौं वा दुःखको भोग गर्दछौं, त्यसलाई नै कर्म भनिन्छ।

ईश्वर, जीव, प्रकृति, काल र कर्म यी सबैका बारेमा *भगवद्गीतामा* वर्णन गरिएको छ। यी पाँचमध्ये भगवान्, जीव, भौतिक प्रकृति र काल सनातन हुन्। प्रकृतिको सृष्टि क्षणिक हुन सक्दछ तर, झूटो भने होइन। केही दार्शनिकहरू भौतिक प्रकृतिको सृष्टि झूटो हो भन्दछन् तर, *भगवद्गीताको* दर्शनअनुसार वा वैष्णवहरूको दर्शनअनुसार त्यो झूटो होइन। यो संसारको सृष्टि झूटो हो भनेर स्वीकार गरिँदैन। यो सही हो भनेर स्वीकार गरिन्छ। तर, यो अस्थायी वा क्षणिक छ। यसलाई बादलसँग

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepa

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तुलना गरिएको छ। जस्तै बादल आकाशभरि उड्दछ, वर्षा ऋतुमा पानी परेमा अन्नलाई तुष्टि प्रदान गर्दछ। जब वर्षा ऋतु समाप्त हुन्छ जब बादल हट्दछ, अनि पानीले तुष्टि प्रदान गरिएका सबै बाली सुक्दछन्। त्यसै गरेर यो भौतिक सृष्टि केही निश्चित समयको अन्तरालमा प्रकट हुन्छ, केही समय देखा पर्दछ, त्यसपछि अदृश्य हुन्छ। प्रकृतिको कार्य यस्तो हुन्छ। तर, यो चक्ररूपी कार्य नित्य वा शाश्वत हुन्छ। त्यसैले, प्रकृति नित्य छ र यो भूटो छैन। त्यसैले, भगवान्ले यसलाई "मेरो प्रकृति" भन्नु हुन्छ। यो भौतिक प्रकृति भगवान्को अलग शक्ति हो। त्यसै गरेर जीव पनि भगवान्को नै शक्ति हो। हुनत: यिनीहरू अलग छैनन् तर, पनि यिनीहरूको सम्बन्ध शाश्वत छ। त्यसैले, भगवान्, जीव, भौतिक प्रकृति र काल सबैको एक अर्कामा पारस्परिक सम्बन्ध छ र यी सबै शाश्वत हुन्। जबकि अर्को वस्तु कर्म भने शाश्वत होइन। कर्मको प्रभाव पुरातन हुन सक्दछ। हामीहरूले आफ्ना क्रियाकलापका प्रतिफलअनुसार अनादिकालदेखि सुख र दु:ख भोगिरहेका छौं तर, हामीले कर्म फलमा परिवर्तन ल्याउन सक्दछौं, त्यो परिवर्तन हाम्रो ज्ञानको पूर्णतामा निर्भर हुन्छ। हामीहरू विभिन्न प्रकारका क्रियाकलापमा संलग्न छौं। विना सङ्कोच भन्नु पर्दछ हामीलाई कुन क्रियाकलाप अपनाउनु पर्दछ, जसले गर्दा ती क्रियाकलापका फल र प्रतिफलबाट हामीले छुटकारा पाउँदछौं भन्ने ज्ञान नै छैन तर, त्यसको बारेमा *भगवद्गीतामा* वर्णन गरिएको छ।

परम् ईश्वरको स्थिति भनेको परम चेतना हो। जीव पनि परम ईश्वरका अंश भएका हुनाले तिनीहरू पनि चेतन हुन्छन्। जीव र प्रकृति दुवैलाई प्रकृति भनेर वर्णन गरिएको छ तर, यी दुईमा जीव चेतन छ र प्रकृति अचेतन छिन्। त्यसैले जीव प्रकृतिलाई उत्कृष्ट भनिन्छ किनभने, जीवसँग भगवान्को समान चेतना हुन्छ। भगवान्को चेतना परम उत्कृष्ट हुन्छ वा जीवले आफूसँग पनि उत्कृष्ट चेतना हुन्छ भनेर दावी गर्न हुँदैन।

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


जीव कहिल्यै पनि र पूर्ण अवस्थामा पनि परम चेतनाले युक्त हुन सक्दैन। यदि कुनै सिद्धान्त छ भने त्यो भ्रामक वा पथभ्रम गर्ने सिद्धान्त हो। जीव चेतन हुन्छ तर, पूर्ण वा परम चेतनाले युक्त हुन सक्दैन।

*भगवद्गीताको* तेह्रौँ अध्यायमा जीव र ईश्वर बीचको भिन्नताका बारेमा वर्णन गरिएको छ। भगवान् जीव जस्तै क्षेत्रज्ञ हुनुहुन्छ तर जीव केवल एउटा निश्चित शरीरको बारेमा क्षेत्रज्ञ हुन्छ भने भगवान् सम्पूर्ण शरीरको क्षेत्रज्ञ हुनुहुन्छ किनभने, उहाँ प्रत्येक जीवको हृदयमा निवास गर्नु हुन्छ र उहाँ प्रत्येक जीवका मनोवैज्ञानिक क्रियाका बारेमा पनि जान्नु हुन्छ, हामीले यो कुरा बिर्सन हुँदैन। परमात्मा भगवान् प्रत्येक प्राणीको हृदयमा नियन्त्रक भएर विराजमान हुनुहुन्छ र जीवलाई उसको इच्छाअनुसार कार्य गर्ने निर्देशन दिनु हुन्छ। जीवले आफूले के गर्ने हो भन्ने पनि बिर्सन्छ। सर्वप्रथम ऊ एउटा कुनै कार्य गर्ने निश्चय गर्दछ तर, आफ्ना कर्मका फल र प्रतिफलमा अल्झिन्छ। एक प्रकारको शरीर त्याग गरेपछि अर्को प्रकारको शरीरमा प्रवेश गर्दछ। जसरी हामीले वस्त्र लगाउने फुकाल्ने गर्दछौं। यसरी आत्माले देहान्तर पश्चात आफ्ना पूर्व क्रियाकलापको फल र प्रतिफलले गर्दा कष्ट भोग्ने गर्दछ। यदि मानिस सत्त्वगुणमा स्थित भयो भने र आफूले कस्ता क्रियाकलाप गर्नु पर्दछ भनेर जान्यो भने यस्तो देहान्तरको कार्य रोक्न सकिन्छ। यदि उसले यस्तो गऱ्यो भने आफ्ना पूर्व क्रियाकलापका फल प्रतिफलमा परिर्वतन ल्याउन सक्दछ र त्यसको परिणाममा कर्म नित्य वा शाश्वत हुँदैन। त्यसैले, हामीले पाँचवटा (ईश्वर, जीव, प्रकृति, काल र कर्म) जसको वर्णन गरेका थियौं तीमध्ये चार शाश्वत हुन्, कर्म शाश्वत होइन।

भगवान् र जीवको चेतना दिव्य हुन्छ, त्यसैले परम चेतनाले युक्त ईश्वर जीव समान नै हुनुहुन्छ। पदार्थसँगको सङ्गतबाट चेतना उत्पन्न हुँदैन। पदार्थसँगको मिश्रण वा मिलनबाट चेतनाको उत्पत्ति हुन्छ भन्ने

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepa

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सिद्धान्तलाई *भगवद्गीतामा* स्वीकार गरिएको छैन, त्यो गलत धारणा हो। जसरी प्रकाश कुनै रङ्गिन सिसाबाट परावर्तन हुँदा त्यस्तै रङ्गको देखिन्छ त्यसरी नै चेतना पनि भौतिक आवरणको अवस्थाबाट परावर्तन हुँदा विकृतिबाट प्रभावित हुन्छ तर, भगवान्को चेतनालाई भौतिकताले प्रभावित गर्न सक्दैन। भगवान् श्रीकृष्णले भन्नु भएको छ—**'मयाध्यक्षेण प्रकृतिः'** जब भगवान् यस भौतिक ब्रह्माण्डमा अवतरित हुनुहुन्छ, उहाँको चेतनालाई भौतिकताले प्रभावित गर्न सक्दैन। यदि उहाँको चेतना प्रभावित हुने हो भने जसरी *भगवद्गीतामा* उहाँ दिव्य हुनुहुन्छ, त्यसरी उहाँ दिव्य भन्न योग्य हुनु हुने थिएन। भौतिक दूषितताले सङ्क्रमित भएको चेतनाबाट मुक्त नभएसम्म दिव्य जगत्का बारेमा कसैले पनि केही भन्न सक्दैन। त्यसैले, भगवान् भौतिकताबाट दूषित हुनु हुन्न। हाम्रो चेतना वर्तमान अवस्थामा भौतिकताले दूषित वा सङ्क्रमित भएको छ। *भगवद्गीताले* हामीलाई हाम्रो भौतिकताले दूषित भएको चेतनालाई कसरी पवित्र र शुद्ध बनाउने हो भन्ने बारेमा शिक्षा दिएको छ। पवित्र र शुद्ध चेतनाले नै हाम्रा कर्महरूलाई ईश्वरका इच्छासँग मिलाई दिन्छ अनि त्यसैले हामीलाई सुखी बनाइदिन्छ। त्यसको अर्थ हामीले हाम्रा सबै क्रियाकलाप बन्द गर्नु पर्दछ भन्ने होइन। केवल हाम्रा क्रियाकलापहरू शुद्ध बनाउनु पर्दछ भनिएको हो र त्यस्ता शुद्ध क्रियाकलापलाई भक्ति भनिन्छ। भक्तिमा गरिएका क्रियाकलाप सामान्य क्रियाकलाप जस्ता देखिन्छन् तर, ती कार्यहरू सङ्क्रमित वा दूषित हुँदैनन्। अज्ञानी मानिसले भक्तले सम्पन्न गरेका कर्महरू साधारण मानिसले गरे समान ठान्दछ तर, त्यस्तो अल्पज्ञानीलाई भक्तबाट वा भगवान्बाट सम्पन्न भएका क्रियाकलापहरू दूषित हुँदैनन् भन्ने ज्ञान हुँदैन। उहाँहरू प्रकृतिका तीन गुणबाट माथि वा दिव्य हुनुहुन्छ। वर्तमान अवस्थामा हाम्रो चेतना सङ्क्रमित छ भन्ने जान्न पर्दछ।

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


जब हामी भौतिकताबाट दूषित हुन्छौं अनि हामीलाई बद्ध भनिन्छ। "म भौतिक प्रकृतिको उत्पादन हुँ" भन्ने प्रभावबाट नै झूटो चेतना प्रदर्शन हुन्छ। त्यसैलाई झूटो अहङ्कार भनिन्छ। जुन व्यक्ति शारीरिक अवधारणाको बुद्धिमा आसक्त छ, उसले आफ्नो अवस्थाका बारेमा बुझ्न सक्दैन। शारीरिक अवधारणाको बुद्धिबाट मुक्त हुन सकियोस् भनेर नै *भगवद्गीता* सुनाउने कार्य भएको हो र अर्जुनले आफूलाई त्यही अवस्थामा राखेर भगवान्बाट यो जानकारी प्राप्त गर्न चाहेका हुन्। मानिस शारीरिक अवधारणाको बुद्धिबाट जसरी पनि मुक्त हुनु पर्दछ, त्यो नै अध्यात्मवादीका लागि प्रारम्भिक क्रियाकलाप हो। जुन व्यक्ति स्वतन्त्र हुन चाहन्छ, मुक्ति पाउन चाहन्छ, उसले सर्वप्रथम "म यो शरीर होइन" भन्ने बारेमा जान्नु पर्दछ। मुक्ति भनेको भौतिक चेतनाबाट मुक्त हुनु हो। '**स्वरूपेण व्यवस्थितिः**' मुक्ति भनेको भौतिक जगत्को सङ्क्रमित चेतनाबाट मुक्त हुनु र शुद्ध चेतनामा स्थित हुनु हो। *भगवद्गीताका* सबै निर्देशन शुद्ध चेतनातर्फ उन्मुख वा उजागर हुनका लागि निर्देशित छन्, त्यसैले गीताको अन्त्यतिरको निर्देशनमा भगवान् श्रीकृष्णले अर्जुनलाई सोध्नु हुन्छ—"तिम्रो चेतना शुद्ध भयो कि भएन?" शुद्ध चेतना भनेको भगवान्को निर्देशनअनुसार कार्य गर्नु हो। यो नै शुद्ध चेतनाको सार वा सारांश हो। हामी भगवान्का अंश भएका हुनाले हामीसँगको चेतना निम्न स्तरको गुणबाट प्रभावित हुन्छ, भगवान् परम् हुनु भएकाले उहाँ कहिल्यै पनि प्रभावित हुनु हुन्न। परम भगवान् र सानो वैयक्तिक आत्मा बीच यहि भिन्नता छ।

चेतना के हो? "म" भन्नु नै चेतना हो। म भन्ने के हो? सङ्क्रमणित चेतनामा "म" को अर्थ "सम्पूर्ण सर्वेक्षणको म स्वामी हुँ र म नै भोक्ता हुँ भन्ने हुन्छ।" यो संसार नै घुम्दछ किनभने, प्रत्येक प्राणीले सोच्दछ—ऊ आफैँ नै यस भौतिक जगत्को निर्माता र स्वामी हो भनेर। भौतिक चेतनाका दुईवटा मानसिक विभाग हुन्छन्। पहिलो म स्वामी हुँ दोस्रो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepa

CC-0. Digitized by eGangotri and MIDF- Delhi


"म नै भोक्ता हुँ" तर, वास्तवमा भगवान् सबैका सृष्टिकर्ता र भोक्ता हुनुहुन्छ। जीव भगवान्को अंश भएको हुनाले सृष्टिकर्ता र भोक्ता केही पनि होइन। ऊ केवल सहयोगकर्ता मात्र हो। प्राणी भगवान्द्वारा भोगिनको लागि सृष्टि गरिएको हो। उदाहरणका लागि यन्त्रको एउटा सानो पूर्जाले सम्पूर्ण यन्त्रलाई सहयोग गर्दछ, शरीरको सानो अङ्गले सम्पूर्ण शरीरलाई सहयोग गर्दछ। हात, गोडा, आँखा आदि सबै शरीरका अङ्ग हुन् तर, ती वास्तवमा भोक्ता होइनन्। पेट भोक्ता हो। गोडा हिँडदछ, हातले भोजन पुऱ्याउँदछ, दाँतले चबाउँदछ र अन्य सबै अङ्गहरू पेटको सन्तुष्टिमा संलग्न रहन्छन् किनभने, पेट नै प्रमुख कारण हो जसले शरीरका सबै अवयवलाई पुष्टि प्रदान गर्दछ। त्यसैले, सबै भोजन पेटलाई दिइन्छ। बिरूवालाई पुष्टि दिन जरामा पानी हालिन्छ, शरीरलाई पुष्टि दिन पेटलाई भोजन दिइन्छ, जसले गर्दा शरीरको अवस्था स्वस्थ रहन्छ। त्यसकारण शरीरका सबै अङ्गले पेटलाई सहायता गर्नु पर्दछ। त्यसरी नै भगवान् सृष्टिकर्ता र भोक्ता हुनुहुन्छ। हामी उहाँका मातहतवा अधिनमा भएको हुनाले हामीले उहाँको सन्तुष्टिका लागि सहयोग गर्नु पर्दछ र यस्तो सहयोगले वास्तवमा हामीलाई जसरी पेटले भोजन प्राप्त गरेपछि सम्पूर्ण अङ्गलाई सहयोग गर्दछ त्यसरी नै हामीलाई सहयोग गर्दछ। यदि हातका औंलाले भोजन पेटलाई नदिएर आफैँ खान्छु भनेर सोचे तिनीहरू निराश हुन्छन्। सृष्टि र भोगका केन्द्रविन्दु स्वरूप भगवान् हुनुहुन्छ र जीव उहाँलाई सहयोग गर्ने मात्र हो। यस्तो परस्पर सहयोगले दुवैलाई आनन्द प्रदान गर्दछन्। यो सम्बन्ध स्वामी र सेवकको जस्तो हो। जब स्वामी पूर्ण सन्तुष्ट हुन्छ, तब सेवक पनि सन्तुष्ट हुन्छ। त्यसै गरेर भगवान्लाई सन्तुष्ट पार्नु पर्दछ। हुनत जीवमा आफू सृष्टिकर्ता हुँ भन्ने र भौतिक जगत्को भोग गर्ने प्रवृत्ति हुन्छ किनभने, त्यही प्रवृत्ति भगवान्मा पनि हुन्छ, जसले गर्दा सम्पूर्ण व्यक्ति र ब्रह्माण्डको सृष्टि गर्नु भयो।

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


*भगवद्गीताको* यो श्लोकमा परिपूर्णतम्मा नै परम नियन्त्रक सम्मिलित हुनुहुन्छ र उहाँले नै सबै जीवलाई नियन्त्रण गर्नु हुन्छ, ब्रह्माण्डको सृष्टि, सनातन समय र कार्य सबैलाई नियन्त्रण गर्नु हुन्छ, यी सबै वर्णन गरिएको छ। यी सबै पूर्णरूपले सम्मिलित भएपछि '**परिपूर्णतम्**' को रूप बन्दछ र त्यही **परिपूर्णतम्** लाई परम् सत्य भनिन्छ। त्यही 'परिपूर्णतम्' र परम् सत्य नै भगवान् श्रीकृष्ण हुनुहुन्छ। उहाँका विभिन्न शक्तिबाट नै सम्पूर्ण सृष्टि हुन्छ र उहाँ नै परिपूर्णतम् हुनुहुन्छ।

निराकार ब्रह्म पनि पूर्ण परम पुरुषको (**ब्रह्मणो हि प्रतिस्ठाहम्**) अधिनमा वा मातहतमा हुनुहुन्छ भन्ने वर्णन पनि *भगवद्गीतामा* गरिएको छ। ब्रह्म भनेको **परिपूर्णतम्** वा परमात्माको अवधारणा सम्बन्धी अपूर्ण अनुभूति हो। *भगवद्गीताको* पन्ध्रौँ अध्यायमा भगवान् पुरूषोत्तम, निराकार ब्रह्म र परमात्माको केही अंशको अनुभूतिभन्दा माथि हुनुहुन्छ भन्ने वर्णन हामीले देख्न सक्दछौं। भगवान्लाई '**सच्चिदानन्दविग्रहः**'। '**अनादिरादिगोविन्दः सर्वकारणकारणम्**।' भगवान् श्रीगोविन्द कृष्ण सबै कारणहरूका कारण हुनुहुन्छ। उहाँ मूलभूत कारण हुनुहुन्छ र उहाँको स्वरूप शाश्वत, ज्ञान र आनन्दले पूर्ण छ।" निराकार ब्रह्मको अनुभूति गर्ने भनेको भगवान्को सत् रूपको अनुभूति गर्नु हो। परमात्माको अनुभूति गर्नु भनेको **सत्-चित्** (शाश्वत ज्ञान) को अनुभूति गर्नु हो। तर, भगवान् श्रीकृष्णको अनुभूति गर्ने भनेको सम्पूर्ण दिव्य आकृति (सत् चित् र आनन्द) र विग्रहको अनुभूति गर्नु हो।

अल्पज्ञानी व्यक्तिहरूले परम् सत्य निराकार हुनुहुन्छ भन्ने सोच्दछन् तर, उहाँ दिव्य पुरुष हुनुहुन्छ भनेर सबै वैदिक साहित्यले पुष्टि गरेका छन्। **नित्यो नित्यानाम् चेतनस् चेतनानाम्**। (*कठो उपनिषद* २.२.१३)। जसरी हामी वैयक्तिक जीव हौं हाम्रा आफ्नै वैयक्तिकता छन् त्यसरी नै परम सत्य पनि एउटा मूलभूत व्यक्तित्वको रूपमा प्रकाशित हुनुहुन्छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepa

CC-0. Digitized by eGangotri and MIDF- Delhi


त्यसैले भगवान्को अनुभूति हुनु भनेको उहाँको सम्पूर्ण दिव्य आकृतिको पूर्ण स्वरूपमा अनुभूति हुनु हो। परिपूर्णतम् आकृति रहित हुनु हुन्न। यदि उहाँ आकृति रहित वा अन्य वस्तुभन्दा सानो भए उहाँ परिपूर्णतम् हुन सक्नु हुन्न। परिपूर्णतम् उहाँभित्र हाम्रो अनुभव भित्रका र हाम्रो अनुभव बाहिरका सबै समाहित हुनु पर्दछ, अन्यथा उहाँ कसरी पूर्ण हुन सक्नु हुन्छ?

परिपूर्णतम् भगवान्मा वृहत शक्तिहरू (**परास्य शक्तिर्विविधैव श्रूयते**) विद्यमान हुन्छन्। भगवान् श्रीकृष्ण विभिन्न शक्तिद्वारा कसरी कार्य गर्नु हुन्छ भन्ने सम्बन्धमा *भगवद्गीतामा* व्याख्या गरिएको छ। यो प्रत्यक्ष संसार वा भौतिक संसार जसमा हामी राखिएका छौं त्यो पनि आफैँमा सम्पूर्ण छ किनभने, साङ्ख्य दर्शनअनुसार जुन चौबीस तत्त्वले बनेको यो क्षणिक ब्रह्माण्ड व्यक्त भएको छ त्यसमा यस ब्रह्माण्डलाई सम्भार र जीवन यापनका लागि आवश्यक सम्पूर्ण स्रोतहरूको सम्पूर्ण तरिकाले व्यवस्था गरिएको छ। यहाँ असम्बन्धित पनि केही छैनन् र कुनै वस्तुको आवश्यकता पनि छैन। यानकी सृष्टिको समय परिपूर्णतम्को शक्तिद्वारा निश्चित गरिएको छ, जब यसको समय समाप्त हुन्छ यो क्षणिक सृष्टि पूर्णतम्को पूर्ण व्यवस्थाअनुसार नष्ट हुन्छ। यहाँ सानो सम्पूर्ण इकाईका लागि सम्पूर्ण सुविधाहरू छन् जसको सम्पूर्ण अनुभूति गर्नेलाई जीव भनिन्छ तर, सबै प्रकारका अपूर्ण अनुभवहरू केवल पूर्णप्रतिको अपूर्ण ज्ञानका कारणले मात्र हुने गर्दछन्। त्यसैले, *भगवद्गीतामा* वैदिक बुद्धिमत्ताको सम्पूर्ण ज्ञान विद्यमान छ।

सम्पूर्ण वैदिक ज्ञान अच्युत छन् र हिन्दुहरूले वैदिक ज्ञान अच्यूत र सम्पूर्ण छ भनेर स्वीकार गर्दछन्। उदाहरणका लागि—गाईको गोबर पशुको विष्टा वा दिसा हो, स्मृतिअनुसार वा वैदिक आदेशअनुसार यदि कसैले पशुको दिसा स्पर्श गरेमा ऊ शुद्ध हुन स्नान गर्नु पर्दछ तर, वैदिक शास्त्रले गाईको गोबरलाई पवित्र वा शुद्ध बनाउने कारक तत्त्व ठान्दछ।

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


कसैले यो विषयलाई विरोधाभास ठान्न सक्दछ तर, यो वैदिक आदेश हो त्यसैले हामीले स्वीकार गर्नु पर्दछ र त्यसो गरेमा कसैले पनि त्रुटी गर्न सक्दैन। तत्पश्चात् आधुनिक विज्ञानले पनि गाईको गोबरमा सबै जीवाणुनाशक गुण छन् भनेर प्रमाणित गरेका छन्। त्यसैले, वैदिक ज्ञान सम्पूर्ण छ किनभने यो सबै प्रकारका शङ्का र गल्तीभन्दा माथि छ र *भगवद्गीताको* सम्पूर्ण वैदिक ज्ञानको सार हो। वैदिक ज्ञान अनुसन्धानको विषय होइन। हाम्रो अनुसन्धानका कार्यहरू अपूर्ण छन् किनभने, हामीले अपूर्ण इन्द्रियहरूको सहायतामा अनुसन्धान गरिरहेका छौं। हामीले सम्पूर्ण ज्ञानलाई स्वीकार गर्नु पर्दछ जुन ज्ञान भगवद्गीतामा भनेअनुसार परम्पराबाट आएको हुन्छ। हामीले ज्ञान सही स्रोत जुन परम्परामा हुनु हुन्छ उहाँबाट प्राप्त गर्नु पर्दछ। जुन ज्ञानको प्रारम्भ परम् आध्यात्मिक गुरु भगवान् स्वयंबाट भएको हो र त्यो ज्ञान परम्परामा रहनु भएका आध्यात्मिक गुरुहरूलाई हस्तान्तरित गरिएको हुन्छ। अर्जुनले विद्यार्थी भएर भगवान् श्रीकृष्णबाट शिक्षा प्राप्त गरे र भगवान्ले जे भन्नु भयो, त्यसलाई कुनै विवाद नगरी स्वीकार गरे। कसैलाई पनि *भगवद्गीताको* कुनै भाग स्वीकार गर्ने र कुनै भाग स्वीकार नगर्ने आज्ञा दिइएको छैन। हामीले *भगवद्गीतालाई* कुनै पनि दोषारोपण नगरी, कुनै पनि टिप्पणी नगरी र विषय वस्तुमा आफ्नो कल्पनालाई संयुक्त नगरी स्वीकार गर्नु पर्दछ। *भगवद्गीतालाई* वैदिक ज्ञानको पूर्ण प्रस्तुति हो भनेर स्वीकार गर्नु पर्दछ। वैदिक ज्ञान दिव्य स्रोतबाट प्राप्त गरिएको हो र यसको प्रत्येक शब्द भगवान् स्वयंले भन्नु भएको हो। भगवान्द्वारा भनिएका शब्दलाई **अपौरूषेय** भनिन्छ। अर्थात् ती शब्दहरू यस संसारका चार दोषले दूषित भएको मूर्ख वा अज्ञानीले भनेको शब्द भन्दा भिन्न हुन्छ। मूर्खका चार दोषहरू— १. गल्ती गर्ने निश्चित हुन्छ २. सधैँ भ्रमित रहन्छ ३. अरूलाई ठग्ने भावना हुन्छ ४. अपूर्ण इन्द्रियले गर्दा सीमित हुन्छ। यी

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


चार अपूर्णताले गर्दा त्यस्ता व्यक्तिले सर्वव्यापक ज्ञानको पूर्ण जानकारी प्रदान गर्न सक्दैन।

वैदिक ज्ञान यस्तो दोषले युक्त जीवबाट प्रदान गरिएको होइन। यो ज्ञान सर्वप्रथम भगवान्द्वारा पहिलो जीव ब्रह्माको हृदयमा स्थापित गरिदिनु भएको हो र ब्रह्माले त्यो ज्ञान आफ्ना छोरा र शिष्यहरूलाई वितरण गर्नु भयो। भगवान् पूर्ण हुनुहुन्छ, सम्पूर्णताले युक्त हुनुहुन्छ। त्यसैले उहाँ भौतिक प्रकृतिको नियमले बाँधिन सम्भव छैन। त्यसैले, भगवान् यो सम्पूर्ण ब्रह्माण्डका स्वामी हुनुहुन्छ र मूल सृष्टिकर्ता र ब्रह्माको पनि उत्पति कर्ता हुनुहुन्छ भन्ने ज्ञान मानिसमा हुनु पर्दछ। एघारौँ अध्यायमा भगवान्लाई "परम् पितामह" भनेर सम्बोधन गरिएको छ किनभने, ब्रह्मालाई पितामह वा हजुरबुवा भनिन्छ। भगवान् पितामहको पनि सृष्टिकर्ता हुनुहुन्छ। त्यसकारण कसैले पनि कुनै पनि वस्तुको स्वामित्वको दावी गर्नु हुँदैन र मानिसले उसको जीवन यापनका लागि भगवान्ले प्रदान गर्नु भएको आफ्नो भागलाई मात्र स्वीकार गर्नु पर्दछ।

भगवान्ले हामीलाई हाम्रो मागस्वरूप प्रदान गर्नु भएको वस्तु कसरी प्रयोग गर्ने भन्ने बारेमा धेरै उदाहरण दिइएका छन्। *भगवद्गीतामा* पनि त्यसको वर्णन गरिएको छ। प्रारम्भमा अर्जुनले कुरुक्षेत्रको युद्धभूमिमा "म युद्ध गर्दिन" भनेर निर्णय गरेका थिए। त्यो उनको आफ्नो निर्णय हो। भगवान्लाई अर्जुनले भनेका थिए—"मलाई आफ्ना हितैषीहरूलाई मारेर प्राप्त राज्यको सुख भोग गर्न सम्भव छैन।" यो उनको निर्णय शारीरिक सम्बन्धमा आधारित थियो किनभने, उनले—यो मेरो शरीर हो र यो शरीरसँग सम्बन्धित र मेरा विस्तार रूपी छोरा, भाइ, भतिजा, भिनाजु, हजुरबुवा आदि नातेदार हुन् भन्ने सोचेका थिए। त्यसैले, उनले यो शरीरको कामनालाई सन्तुष्ट गर्न चाहेका थिए। *भगवद्गीता* भगवान्ले उनको दृष्टिमा परिवर्तन ल्याउनका लागि भन्नु भएको हो। अन्त्यमा

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


अर्जुनले भगवान्को निर्देशनअनुसार युद्ध गर्ने निर्णय गरे र भने—**करिष्ये वचनं तव**—"हजुरका शब्दअनुसार म कार्य गर्नेछु।"

यो संसार मानिसका लागि कुकुर बिरालोले जस्तै झगडा गर्नका लागि होइन। मानिसले बुद्धिमान् भएर मानव जीवनको महत्त्वको अनुभूति गर्नु पर्दछ र साधारण पशुको जस्तो कार्य गर्न अस्वीकार गर्नु पर्दछ। मानवले आफ्नो जीवनको लक्ष्य के हो भनेर त्यसको अनुभूति गर्नु पर्दछ। त्यसको निर्देशन सबै वैदिक साहित्य र ती सबैको साररूपी *भगवद्गीतामा* दिइएको छ। वैदिक साहित्य मानव जातिका लागि हो पशुका लागि होइन। एउटा पशुले अर्को पशुलाई मार्दछ, तिनीहरूको त्यो कार्य पापमय ठानिँदैन तर, एउटा मानिसले आफ्नो अनियन्त्रित स्वादको सन्तुष्टिका लागि पशुवध गरे भने प्रकृतिको नियमविरुद्ध कार्य गरेको उत्तरदायित्त्व उसले लिनु पर्दछ। *भगवद्गीतामा* प्रकृतिका विभिन्न गुणअनुसार तीन प्रकारका कार्य हुन्छन् भनेर स्पष्टसँग व्याख्या गरिएको छ—सत्त्व, रज र तम गुण। यसको बारेमा *भगवद्गीतामा* स्पष्टसँग व्याख्या गरिएको छ। यदि हामीले *भगवद्गीताको* निर्देशनलाई सही तरिकाले सदुपयोग गर्‍यौं भने हाम्रो सम्पूर्ण जीवन पवित्र, शुद्ध हुन्छ अनि हामी हाम्रो गन्तव्य, जुन यो भौतिक आकाशभन्दा पर छ, त्यहाँ पुग्न सफल हुन्छौं (**यद् गत्वा न निवर्तन्ते तद् धाम परमं मम**)।

त्यस गन्तव्यलाई सनातन आकाश, शाश्वत, आध्यात्मिक आकाश वा वैकुण्ठ भनिन्छ। यस भौतिक जगत्का सम्पूर्ण वस्तु क्षणिक छन् भन्ने हामीले थाहा पाउँदछौं। ती वस्तु अस्तित्वमा आउँदछन्, केही समय रहन्छन्, केही उप-उत्पादन गर्दछन्, केही क्षय हुन्छ अनि हराउँदछ। यो नै भौतिक प्रकृतिको नियम हो। यसको उदाहरणमा हामीले हाम्रो शरीरलाई नै लिऊँ वा फल वा अन्य कुनै वस्तु। यो क्षणिक संसारभन्दा पर एउटा अर्को जगत् छ, जसको जानकारी हामीसँग छ। त्यो जगत्को

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


प्रकृति अर्को प्रकारको छ जुन सनातन र शाश्वत छ। जीवलाई पनि सनातन भनेर व्याख्या गरिन्छ र भगवान् पनि सनातन हुनुहुन्छ भनेर एघारौँ अध्यायमा वर्णन गरिएको छ। भगवान्सँग हाम्रो घनिष्ट सम्बन्ध छ किनभने, हामी दुवै गुणात्मक रूपले समान छौं—सनातन धाम, आकाश, सनातन भगवान् र सनातन जीव; *भगवद्गीताको* सम्पूर्ण उद्देश्य भनेको नै हाम्रो सनातन धर्म पुनर्स्थापना गर्नु हो जुन जीवको सनातन धर्म हो। हामीहरू क्षणिक रूपले विभिन्न क्रियाकलापमा संलग्न भएका छौं तर, यी सबै क्रियाकलाप शुद्ध पवित्र बनाउन सकिन्छ, जब हामीले यस्ता सबै क्षणिक क्रियाकलापलाई त्यागेर भगवान्ले सिफारिस गर्नु भएका क्रियाकलापलाई ग्रहण गर्दछौं, त्यसलाई नै हाम्रो शुद्ध जीवन भनिन्छ।

भगवान् र भगवान्को दिव्य धाम दुवै सनातन छन् र जीव पनि सनातन छ। भगवान् र जीव दुवैको सङ्गत सनातन धाममा हुनु नै मानव जीवनको पूर्णता हो। भगवान् जीवप्रति धेरै कृपालु हुनुहुन्छ किनभने, जीव भगवान्का छोरा हुन्। *भगवद्गीतामा* भगवान् श्रीकृष्णले घोषणा गर्नु भएको छ—**"सर्वयोनिषु.....अहं बीजप्रदः पिताः"** "म सबैको पिता हुँ।" निश्चय नै आफ्ना कर्मअनुसार यहाँ विभिन्न प्रकारका जीवहरू छन्। यहाँ भगवान्ले आफूलाई ती सबैको पिता हुँ भनेर दाबी गर्नु भएको छ। त्यसैले, भगवान् यहाँ अवतरित भएर सबै पतित र बद्ध आत्मालाई सनातन आकाशमा फर्काउन आउनु भएको हो। जसले गर्दा सनातन जीवले आफ्नो शाश्वत सनातन अवस्था प्राप्त गरेर भगवान्सँगको सनातन सङ्गत वा साथ प्राप्त गर्न सकोस्। भगवान् स्वयं विभिन्न अवतार लिएर वा आफ्ना विश्वास पात्र सेवक वा छोरा वा आफ्ना सहयोगी वा आचार्यहरूलाई पठाएर बद्ध आत्मालाई उद्धार गर्नु हुन्छ।

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


त्यसकारण सनातन धर्मको अर्थ कुनै साम्प्रदायिक प्रक्रियाको धर्म भन्ने होइन। यो त सनातन भगवान्सँग सनातन जीवको सम्बन्धित सनातन कार्य हो। पहिला उल्लेख भएअनुसार सनातन धर्म भनेको जीवनको सनातन पेशा वा कार्य हो। श्रीपाद रामानुजाचार्यले सनातन शब्दको व्याख्या "जसको शुरू र अन्त्य छैन" यसरी गर्नु भएको छ। जब हामीले सनातन धर्मका बारेमा भन्दछौं, हामीले आधिकारिक श्रीपाद रामानुजाचार्यले भन्नु भएको जस्तै जसको शुरू र अन्त्य छैन, त्यो नै सनातन धर्म हो भनेर भन्नु पर्दछ।

अङ्ग्रेजी शब्द **"रिलिजन"** शब्दको अर्थ सनातन धर्मभन्दा केही भिन्नता छ। रिलिजनको अर्थ विश्वासको धारण हो, विश्वासमा परिवर्तन भइरहन्छ। कसैलाई कुनै निश्चित प्रक्रियामा विश्वास हुन सक्दछ, उसले त्यो विश्वासमा परिवर्तन गरेर अर्को प्रक्रिया अपनाउन सक्दछ। तर, सनातन धर्मको अर्थ त्यस्तो क्रियाकलाप हो जसमा परिवर्तन हुन सक्दैन। उदाहरणका लागि पानीबाट त्यसको तरलता अलग गर्न सकिँदैन, आगोबाट त्यसको ताप अलग गर्न सकिँदैन। त्यसरी नै सनातन जीवको सनातन कार्य जीवबाट अलग गर्न सकिँदैन। सनातन धर्म जीवसँग सनातनरूपले सम्बन्धित छ। जब हामीले सनातन धर्मको बारेमा कुरा गर्दछौं त्यस समयमा हामीले आधिकारिक व्यक्ति श्रीपाद रामानुजाचार्यले भन्नु भएको "जसको शुरू र अन्त्य छैन" भन्ने वाक्यांशलाई उद्धृत गर्नु पर्दछ। जसको शुरू र अन्त्य छैन त्यो साम्प्रदायिक हुन सक्दैन र त्यसलाई कुनै सीमामा सीमित गर्न सकिँदैन। साम्प्रदायिक विश्वास भएकाहरूले गलत प्रकारले व्याख्या गर्दै सनातन धर्मलाई पनि साम्प्रदायिक हो भन्दछन् तर, यदि हामी यस विषयमा गहिराइमा गयौं भने र अहिलेको आधुनिक विज्ञानको प्रकाशलाई पनि स्वीकार गर्यौं भने यो सनातन धर्म विश्वका सबै मानिसको र ब्रह्माण्डको सम्पूर्ण जीवको पेशा वा कार्य नै हो भनेर देख्न सक्दछौं।

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


सनातन धर्ममा नभएका धर्मप्रतिको आस्थाको प्रारम्भ मानव इतिहासभन्दा पहिलाको हुन सक्दछ तर, सनातन धर्मको इतिहासको प्रारम्भ नै छैन किनभने, यो त जीवसँग नै सनातन र नित्य रहँदै आएको छ। आधिकारिक, शास्त्रअनुसार जीवको सन्दर्भमा जीवनको जन्म मृत्यु नै छैन भनिएको छ। *भगवद्गीतामा* पनि जीव न कहिल्यै जन्मन्छ, न उसको मृत्यु नै हुन्छ भनिएको छ। आत्मा सनातन हो र ऊ नष्ट हुँदैन यो क्षणिक भौतिक शरीर नष्ट भए पनि आत्मा बाँचिरहन्छ। सनातन धर्मको अवधारणाको सन्दर्भमा हामीले संस्कृतको मूल आधारबाट धर्म शब्दको अर्थ बुझ्ने प्रयास गर्नु पर्दछ। जुन वस्तु निरन्तर कुनै निश्चित वस्तुसँग रहिरहन्छ त्यो नै धर्म हो। आगोमा ताप र प्रकाश रहिरहन्छ ताप र प्रकाशरहित आगोको अर्थ हुँदैन। यसरी हामीले निष्कर्ष निकाल्यौं। त्यसरी नै हामीले प्राणीको आवश्यकता मात्रको खोजी गर्नु पर्दछ, जुन ऊसँग निरन्तर सँगसँगै रहने गर्दछ। त्यसरी निरन्तर सँगसँगै रहने उसको सनातन गुण हो र त्यही सनातन गुण नै उसको सनातन धर्म हो।

जब सनातन गोस्वामीले श्रीचैतन्य महाप्रभुसँग प्राणीको "स्वरूप" के हो भनेर प्रश्न गर्नु भयो, भगवान्ले उत्तर दिँदै भन्नु भयो—प्राणीको स्वरूप वा वैधानिक अवस्था भनेको भगवान्को सेवा गर्नु हो। यदि हामीले भगवान् चैतन्यको यो भनाईलाई विश्लेषण गर्यौं भने प्रत्येक जीवले अर्को जीवको सेवा गरिरहेको देख्न सक्दछौं। एउटा प्राणीले आफ्नो विभिन्न क्षमताले अर्को प्राणीको सेवा गर्दछ। यसो गर्दा प्राणीले जीवन सुखको अनुभव गर्दछ। सेवकले स्वामीको सेवा गरे जस्तै तल्लो स्तरका पशुले मानिसको सेवा गर्दछन्। यसरी क प्राणीले ख प्राणीको ख ले गको र ग ले घको सेवा गर्ने गर्दछन्। यस्तो वातावरणमा मित्रले अर्को मित्रको सेवा गर्दछ, आमाले छोराको सेवा गर्दछिन्, पत्नीले पतिको सेवा गर्दछिन्, पतिले पत्नीको सेवा गर्दछ। यसरी अरूले पनि सेवा गरेको हामीले

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


देख्न सक्दछौं। यही उत्साहले अरू पनि खोज्दै गयौं भने हामीले प्राणी समाज सेवाको कार्यमा लागेको देख्न सकिन्छ र कोही पनि अपवाद छैन। राजनीतिज्ञहरूले आफ्नो घोषणा पत्रमा आफ्नो क्षमताले सेवा गर्दछौं, भनेर जनतालाई विश्वास गराउँदछन्। अनि जनताले पनि नेतालाई आफ्नो महत्त्वपूर्ण सेवा समाजलाई प्रदान गर्ला भन्ने सोचेर आफ्नो महत्त्वपूर्ण भोट दिन्छन्। पसलेले ग्राहकको सेवा गर्दछ, शिल्पकारले पुँजीपतिको सेवा गर्दछ। पुँजीपतिले आफ्नो परिवारको सेवा गर्दछ, परिवारले आफ्नो सनातन प्राणीको सनातन जनताले राज्यको सेवा गर्दछ। यसबाट हामीले के देख्न सक्दछौं भने कुनै पनि प्राणीले अर्को प्राणीको सेवा गर्न छोड्न सक्दैन। त्यसैले हामीले सावधानीपूर्वक के निष्कर्ष निकाल्न सक्छौं सेवा भनेको प्राणीको निरन्तर रहने साथी हो र सेवा गर्नु भनेको प्राणीको सनातन धर्म हो।

मानिसले कुनै निश्चित समय र वातावरणमा कुनै निश्चित प्रकारको विश्वासमा आफ्नो आस्था प्रकट गर्दछ त्यसलाई नै हामीले हिन्दु, मुस्लिम, क्रिश्चियन, बौद्धधर्मावलम्बी वा अन्य साम्प्रदायिक सङ्गठन भएको दाबी गर्दछौं। यस्ता उपाधिहरू सनातन धर्म होइनन्। एउटा हिन्दुले आफ्नो विश्वासमा परिर्वतन गरेर मुस्लिम बन्न सक्दछ, मुस्लिमले आफ्नो विश्वास परिवर्तन गरेर हिन्दु बन्न सक्दछ र क्रिश्चियन आफ्नो विश्वासमा परिवर्तन गरेर अन्य बन्न सक्दछ। तर, यो सम्पूर्ण परिस्थितिमा यस्तो धर्मको विश्वासमा भएको परिवर्तनले प्राणीको अरूको सेवा गर्ने सनातन धर्म वा कार्यमा कुनै असर पार्दैन। हिन्दु, मुसलमान, क्रिश्चियनहरू कुनै पनि परिस्थितिमा कसैका सेवक नै रहन्छन्। कुनै एकप्रकारको विश्वासलाई त्याग गर्नु भनेको सनातन धर्म त्याग गर्नु होइन किनभने, सेवा गर्नु नै सनातन धर्म हो।

वास्तवमा हामी भगवान्को सेवासँग नै सम्बन्धित छौं। भगवान् परम भोक्ता हुनुहुन्छ र हामी जीव उहाँका सेवक हौं। हाम्रो सृष्टि नै भगवान्को

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


आनन्दका लागि भएको हो र यदि हामी पनि भगवान्को सनातन आनन्दमा सहभागी भएको हामी पनि सुखी हुन्छौं अन्यथा हामी सुखी हुन सक्दैनौं। जसरी शरीरको कुनै पनि अङ्गले पेटसँग सहयोग नगरी सुखी हुन सक्दैन त्यसरी नै हामी पनि स्वतन्त्र भएर सुखी हुन सम्भव छैन। भगवान्को दिव्य प्रेमले युक्त सेवा नगरे प्राणी सुखी हुन सम्भव छैन।

*भगवद्गीतामा* देवताको पूजा वा सेवा गर्ने स्वीकृति दिइएको छैन। सातौँ अध्यायको बीसौँ श्लोकमा त्यसको व्याख्या गरिएको छ।

**कामैस्तैस्तैर्हृतज्ञानाः प्रपद्यन्तेऽन्यदेवताः ।**
**तं तं नियममास्थाय प्रकृत्या नियताः स्वया ॥**

"जसको बुद्धि भौतिक कामनाले गर्दा चोरी भएको छ, उनीहरू देवताको शरणमा जान्छन् र आफ्नो प्रकृतिअनुसार निश्चित विधि विधानको पालना गरेर पूजा गर्दछन्। यहाँ स्पष्टसँग भनिएको छ, जसलाई कामनाले निर्देशित गरेको छ उनीहरूले देवताको पूजा गर्दछन्, भगवान् श्रीकृष्णको पूजा गर्दैनन्। जब हामीले भगवान् श्रीकृष्ण भन्दछौं, हामीले कुनै साम्प्रदायिकतालाई सङ्केत गरेका होइनौं। "कृष्ण" को अर्थ सर्वोत्कृष्ट आनन्द हो, भगवान् सम्पूर्ण आनन्दका श्रोत वा भण्डारगृह हुनुहुन्छ भनेर पुष्टि गरिएको छ। हामी सबै आनन्दतर्फ नै आकर्षित भइरहेका छौं। **आनन्दमयोऽभ्यासात** (*वेदान्त सूत्र* १.१.१२)। जीवहरू भगवान् समान नै पूर्ण चेतनाले युक्त छन्। त्यसैले, तिनीहरू सुखको पछि लागिरहेका छन्। भगवान्मा सुख अविछिन्नतापूर्ण छ अनि यदि जीवले भगवान्सँगको सङ्गत गर्ने, उहाँसँग परस्पर सहयोग गर्ने र उहाँको साथमा रहने हो भने तिनीहरू पनि सुखी हुन्छन्।

भगवान् यस मृत्यु लोकमा आफ्ना वृन्दावनका लीलाको प्रदर्शन गर्न आउनु भएको हो, जुन पूर्ण सुखले युक्त छन्। जब भगवान् श्रीकृष्ण

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


वृन्दावनमा निवास गर्नु भएको थियो, त्यस समय उहाँले गाई, गोठालासँग गर्नु भएका क्रियाकलाप, युवती सखीसँग गर्नु भएका क्रियाकलाप, वृन्दावन निवासीसँग गर्नु भएका क्रियाकलाप र गाईहरूसँग गर्नु भएका कार्य सबै पूर्ण रूपमा सुखले युक्त थिए। वृन्दावनमा सम्पूर्ण निवासीले भगवान् श्रीकृष्ण बाहेक अरू केही पनि जान्दैनथे। भगवान् श्रीकृष्णले आफ्ना बुबा महाराज नन्दलाई इन्द्रदेवको पूजा गर्नबाट रोक्नु भएको थियो किनभने, उहले देवताको पूजा गर्न आवश्यक छैन भन्ने सत्यलाई स्थापित गर्न चाहनु भएको थियो। सबैले केवल भगवान्को मात्र पूजा सेवा गर्न आवश्यक छ किनभने, तिनीहरूको एउटै लक्ष्य भगवान्को धाम फर्कने हुनु पर्दछ।

भगवान् श्रीकृष्णको धामका बारेमा *भगवद्गीताको* पन्ध्रौँ अध्यायको छैंटौँ श्लोकमा व्याख्या गरिएको छ।

**न तद्भासयते सूर्यो न शशाङ्को न पावकः ।**
**यद्गत्वा न निवर्तन्ते तद् धाम परमं मम ॥**

"मेरो परम धामलाई न सूर्यले, न चन्द्रमाले र न आगो वा बिजुलीले नै प्रकाशित गर्दछ। त्यो धाममा पुगेपछि मानिस यो भौतिक जगत्मा फर्केर आउनु पर्दैन।"

यो श्लोकले सनातन आकाश वा गोलोकको वर्णन गरेको छ। निश्चय नै हामीसँग आकाशका बारेमा भौतिक अवधारणा छ र हामीले यसको सूर्य, चन्द्र, तारा आदिसँग सम्बन्ध छ भनेर सोच्दछौं तर, यो श्लोकमा भगवान्को राज्य, सनातन आकाश (गोलोक) मा सूर्य, चन्द्र, आगो वा बिजुली कुनैको पनि आवश्यकता पर्दैन भनिएको छ किनभने, त्यो सनातन आकाश (गोलोक) ब्रह्मज्योतिले प्रकाशित हुन्छ जुन किरण भगवान्बाट उत्पन्न भएको हुन्छ। हामी अन्य ग्रहमा

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


पुग्नका लागि धेरै दुःखसहित प्रयाश गरिरहेका छौं तर, भगवान्को परमधामको बारेमा बुझ्नका लागि दुःख गर्नु पर्दैन। त्यस धामलाई गोलोक भनिन्छ। ब्रह्म संहिता (५.३७) मा यसरी अति सुन्दर वर्णन गरिएको छ—**'गोलोक एव निवसत्य अखिलात्मा भूतः।'** भगवान् आफ्नो नित्य धाम गोलोकमा निवास गर्नु हुन्छ। यस संसारबाट पनि उहाँ प्राप्त गर्न सुलभ हुनुहुन्छ अनि यहाँ उहाँ आफ्नो सही रूप सच्चिदानन्द विग्रहमा प्रकट हुने गर्नु हुन्छ। जब उहाँ यस्तो रूपमा प्रकट हुनुहुन्छ, त्यस समय हामीले उहाँको रूप कस्तो होला भनेर कल्पना गर्नु आवश्यक नै हुँदैन। यस्ता मनगढन्त कल्पनालाई निरूत्साहित गर्न उहाँ आफ्नो श्यामसुन्दर रूपमा अवतरित भएर दर्शन दिनु हुन्छ। दुर्भाग्यवश जब भगवान् हामी जस्तै मनुष्य रूपमा अवतरित हुनुहुन्छ र हामीसँग क्रीडा गर्नु हुन्छ अल्पज्ञानीहरूले उहाँको खिल्ली उडाउँदछन्। तर, त्यसो भयो भनेर हामीले भगवान्लाई हामी जस्तै ठान्नु हुँदैन। यो सबै उहाँको आफ्नो सर्वशक्तिमत्ताद्वारा उहाँले आफूलाई सही रूपमा हाम्रा अगाडि प्रस्तुत गर्दै आफ्नो परमधाममा गर्नु हुने लीलाको प्रतिरूपको दर्शन दिनु हुन्छ।

आध्यात्मिक आकाशमा हुने प्रज्ज्वलित किरणमा अनगिन्ती ग्रहहरू तैरिरहेका हुन्छन्। त्यो ब्रह्मज्योति परमधाम, कृष्णलोक र आनन्दचिन्मय ग्रहबाट उत्पन्न भएको हुन्छ। त्यस किरणमा जुन वस्तु हमले भौतिक होइनन् तिनीहरू मात्र तैरिन्छन्। भगवान्ले भन्नु भएको छ—

जुन व्यक्तिले त्यो आध्यात्मिक आकाश वा गोलोकधाम प्राप्त गर्दछ, ऊ पुनः यस भौतिक जगत् वा आकाशमा फरेर आउनु पर्दैन। यस भौतिक आकाशको सर्वोच्च ग्रह ब्रह्मलोकमा पुगे पनि वा चन्द्रमामा पुगे पनि हामीले त्यही जन्म, मृत्यु, रोग र बुढ्यौलीजस्ता बद्ध जीवन पाउँदछौं।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


यस भौतिक ब्रह्माण्डका कुनै पनि लोक यी भौतिक अस्तित्वका चार सिद्धान्तबाट मुक्त छैनन्।

जीवले एउटा लोकबाट अर्को लोकको यात्रा गरिरहेको छ तर, यस भौतिक व्यवस्थाबाट हामी हामीले चाहेको लोकमा जान पाउँदैनौं। यदि हामीले चाहेको अन्य लोकमा जान चाहने भए त्यसको लागि आवश्यक प्रक्रिया छन्। त्यसको पनि वर्णन गरिएको छ—**'यान्ति देवव्रता देवान् पितॄन् यान्ति पितृव्रताः।'** यदि हामीले अन्तरलोकको यात्रा गर्न चाहन्छौं भने त्यसको लागि भौतिक व्यवस्थाको आवश्यकता छैन। गीतामा उपदेश गरिएको छ—**'यान्ति देवव्रता'** चन्द्रमा, सूर्य र अन्य उच्चलोकलाई स्वर्गलोक भनिएको छ।

लोक तीन स्तरका छन्—उच्च लोक, मध्य लोक र निम्न लोक। यो पृथ्वी मध्यलोकमा पर्दछ। *भगवद्गीतामा* जानकारी दिइएको छ—हामीले कसरी उच्च लोक (देवलोक) को यात्रा गर्न सक्दछौं भनेर साधारण सूत्र दिइएको छ—**यान्ति देवव्रता देवान्**। मानिसले निश्चित लोकका निश्चित देवताको पूजा गर्नु पर्दछ अनि उनीहरू चन्द्रलोक, सूर्यलोक वा अन्य उच्चलोक जान सक्दछन्।

तैपनि *भगवद्गीतामा* हामीलाई यस भौतिक जगत्का कुनै पनि लोकमा जाने सल्लाह दिइएको छैन किनभने, यदि हामीले कुनै भौतिक व्यवस्थाद्वारा चालीस हजार वर्षको यात्रा (त्यती लामो समय को नै बाँच्दछ?) गरेर उच्चलोक रूपी ब्रह्मलोकमा पुगे पनि हामीले त्यहाँ पनि भौतिक असुविधाहरू जस्तै; जन्म, मृत्यु, रोग र बुढ्यौली पाउँदछौं तर, जसले महान् लोक कृष्णलोक वा आध्यात्मिक आकाशका अन्य लोकमा प्रवेश गर्ने इच्छा गर्दछ उसले यस्ता भौतिक असुविधाहरूको सामना गर्नु पर्दैन। आध्यात्मिक आकाशका धेरै लोकहरू मध्ये, भगवान् श्रीकृष्णको मूल लोक परमधाम 'गोलोक वृन्दावन धाम' नै सर्वोच्च

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


लोक हो। यो सम्पूर्ण जानकारी *भगवद्गीतामा* दिइएको छ। अनि कसरी यो भौतिक संसारलाई त्याग गर्न सकिन्छ र आध्यात्मिक आकाशको सही आनन्दमय जीवन प्रारम्भ गर्न सकिन्छ, त्यसको पनि उपदेशात्मक जानकारी छ।

*भगवद्गीताको* पन्ध्रौँ अध्यायमा भौतिक जगत्को सही दृश्यको वर्णन गरिएको छ। त्यहाँ भनिएको छ—

**ऊर्ध्वमूलमधःशाखामश्वत्थं प्राहुरव्ययम् ।**
**छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ॥**

यहाँ भौतिक जगत्लाई एउटा रूखसँग तुलना गरिएको छ, जसको जरामाथि र हाँगा तल छन् भनेर वर्णन गरिएको छ। कुनै पोखरी वा खोलाको तीरमा बसेर रूखको छाया हेर्ने हो भने त्यस रूखको जरामाथि र हाँगा तलतिर देखेको हामीले अनुभव गरेका छौं। हाँगा तल र जरा माथि हुन्छन्? त्यसै गरेर यो भौतिक संसार आध्यात्मिक जगत्को छाया हो। छायामा सत्यता वा वास्तविकता वा मूलभूत हुँदैन तर, त्यस छायाद्वारा हामीले सत्य वा मूलको बारेमा जान्न बुझ्न सक्दछौं। मरूभूमिमा पानी हुँदैन तर, मृगमरिचिकाले पानी जस्तै केही छ भन्ने सुझाव दिएको हुन्छ। यस भौतिक जगत्मा पानी छैन, सुख पनि छैन। तर, सत्यताको सुखसहितको पानी आध्यात्मिक जगत्मा छ।

हामीले आध्यात्मिक जगत्मा कसरी प्रवेश गर्न सक्दछौं भनेर भगवान्ले तल उल्लेख गरेअनुसार सुझाव दिनु भएको छ (*भगवद्गीता* १५.५)

**निर्मानमोहा जितसङ्गदोषा—**
**अध्यात्मनित्या विनिवृत्तकामाः ।**
**द्वन्दैर्विमुक्ताः सुखदुःखसंज्ञै—**
**र्गच्छन्त्यमूढाः पदमव्ययं तत् ॥**

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**पदम् अव्ययं** वा सनातन राज्य, जुन व्यक्ति **निर्मानमोह** छ उसले प्राप्त गर्न सक्दछ। यसको अर्थ के हो ? हामीहरू उपाधि वा पदका पछि लागेका छौं। कोही "महाशय" हुन चाहन्छन्, कोही "स्वामी" बन्न चाहन्छ, कोही "राष्ट्रपति" बन्न चाहन्छ, कोही धनी व्यक्ति वा राजा वा अन्य केही बन्न चाहन्छ। जबसम्म हामी यस्ता उपाधिप्रति आसक्त भइरहन्छौं, तबसम्म हामी यो शरीरसँग आसक्त रहन्छौं किनभने, ती सबै उपाधिहरू यस शरीरसँग सम्बन्धित छन्। तर, हामी यो शरीर होइनौं भनेर त्यसको अनुभूति गर्नु नै आध्यात्मिक अनुभूतिको पहिलो खुड्किलो हो। हामीहरू भौतिक प्रकृतिका तीन गुणसँग बाँधिएका छौं। तर, हामी भगवान्को भक्तिमय सेवा गरेर ती गुणबाट मुक्त हुनु पर्दछ। जबसम्म हामी भगवान्को भक्तिमय सेवामा आसक्त हुँदैनौं तबसम्म हामी भौतिक प्रकृतिका गुणबाट मुक्त हुन सक्दैनौं। यसरी उपाधि र आसक्ति, कामना र इच्छाका कारणले गर्दा हुने गर्दछन्। त्यसैले हाम्रो भगवान्प्रतिको चाहनालाई भौतिक प्रकृतिले ढाकिदिन्छ। जबसम्म हामीले भगवान्प्रतिको चाहनालाई भौतिक प्रकृतिप्रति उन्मुख आफ्नो स्वामित्वको इच्छाको परित्याग गर्दैनौं, तबसम्म भगवान्को साम्राज्य सनातन धाम फर्कने सम्भावना हुँदैन। त्यो सनातन राज्य जुन कहिल्यै पनि नष्ट हुँदैन, त्यहाँ केवल झूटो भौतिक मनोरञ्जनको आकर्षणले भ्रमित नभएका र भगवान्को सेवामा स्थिर व्यक्ति मात्र जान पाउँदछन्। त्यस्ता स्थिर व्यक्ति मात्र परमधाम सजिलै जान पाउँदछन्।

*भगवद्गीता* (८.२१)

**अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतिम् ।**
**यं प्राप्य न निवर्तन्ते तद्धाम परमं मम ॥**

**अव्यक्त** भनेको "प्रकट नभएको" हो। यो भौतिक संसार पनि हाम्रो अधिल्तिर पूर्णरूपले प्रकट भएको छैन, हाम्रा इन्द्रियहरू यति अपूर्ण छन्,

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हामीले भौतिक ब्रह्माण्डका सबै ताराहरू पनि देख्न सक्दैनौं। वैदिक साहित्यमा सम्पूर्ण लोकका बारेमा जानकारी दिइएको हामीले पाउँदछौं। त्यो कुरालाई हामीले विश्वास गर्ने नगर्ने हाम्रो कुरा हो। सम्पूर्ण महत्त्वपूर्ण लोकका बारेमा वैदिक साहित्य र विशेष गरेर *श्रीमद्भागवत्मा* वर्णन गरिएको छ। आध्यात्मिक जगत् जुन यो भौतिक आकाशभन्दा पर छ, त्यसलाई **अव्यक्त** भनेर व्याख्या गरिएको छ। मानिसहरूले त्यस सर्वोच्च राज्यमा जानका लागि इच्छा र उत्कण्ठा राख्नु पर्दछ। एकपटक त्यहाँ प्रवेश गरेपछि त्यो व्यक्ति यस भौतिक जगत्मा फर्केर आउनु पर्दैन।

अर्को, कसैले प्रश्न गर्न सक्दछ मानिस कसरी भगवान्को धाम जान सक्दछ? त्यस बारेको जानकारी आठौँ अध्यायमा दिइएको छ। भनिएको छ—

**अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम् ।**
**यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशयः ॥**

"जसले आफ्नो मृत्युको समयमा मेरो मात्र स्मरण गर्दै शरीर त्याग गर्दछ, उसले मेरो प्रकृति प्राप्त गर्दछ। यो कुरामा कुनै शङ्का छैन।" (*भगवद्गीता* ८.५)

जसले आफ्नो मृत्युको समयमा भगवान् श्रीकृष्णको स्मरण गर्दछ, ऊ भगवान् श्रीकृष्णकहाँ जान्छ। त्यसैले, मानिसले भगवान् श्रीकृष्णको रूपको स्मरण गर्नु पर्दछ। यसरी भगवान्को रूपको स्मरण गर्दै जसले शरीर त्याग गर्दछ, ऊ निश्चय नै आध्यात्मिक साम्राज्यमा जान पाउँदछ। '**मद्भावं**' को अर्थ परम आत्माको परम प्रकृति हो। परमात्मा सच्चिदानन्द विग्रह हुनुहुन्छ। उहाँको रूप शाश्वत, पूर्ण ज्ञान र आनन्दले युक्त हुन्छ। हाम्रो वर्तमान शरीर सच्चिदानन्द छैन। यो शरीर असत् छ, सत् छैन। यो शाश्वत होइन नष्ट हुने प्रकृतिको छ। यो चित् (पूर्ण ज्ञान)

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नभएर अज्ञानताले पूर्ण छ। हामीलाई आध्यात्मिक साम्राज्यका बारेमा केही पनि जानकारी छैन। यस भौतिक जगत्को पनि पूर्ण ज्ञान छैन किनभने, यहाँका धेरै वस्तुहरूका बारेमा हामीलाई थाहा नै छैन। यो शरीर निरानन्द छ। पूर्ण आनन्दले युक्त हुन पर्नेमा पूर्ण दुःखले युक्त छ। यस भौतिक संसारका यी सम्पूर्ण दुःख कष्टहरू यस शरीरबाट नै उत्पन्न हुन्छन् तर, जसले भगवान् श्रीकृष्णको स्मरण गर्दै आफ्नो शरीर त्याग गर्दछ, उसले सच्चिदानन्द शरीर प्राप्त गर्दछ।

यस भौतिक जगत्मा यो शरीर त्याग गरेर अर्को शरीर प्राप्त गर्ने प्रक्रियालाई पनि व्यवस्थित गरिएको छ। मानिसको मृत्युपछि उसले अर्को जन्ममा कुन शरीर प्राप्त गर्दछ भन्ने पनि निश्चित गरिएको हुन्छ। त्यसको निर्णय जीवले गर्दैन। माथिल्लो स्तरका अधिकारीले गर्दछन्। यस जन्मका क्रियाकलापले हामी माथि चढ्दछौं वा तल झर्दछौं वा डुब्दछौं। यो जीवन नै अर्को जन्मका लागि तयारी गर्ने अवस्था हो। यदि हामीले यस जन्ममा नै तयारी गरेमा यस जन्मको यो भौतिक शरीर त्याग गरेपछि हाम्रो पदोन्नति भगवान्को राज्यमा हुन्छ अनि हामीले निश्चितरूपले भगवान्को समान आध्यात्मिक शरीर प्राप्त गर्नेछौं।

पहिल्यै व्याख्या गरेअनुसार धेरै प्रकारका अध्यात्मवादीहरू हुन्छन्—ब्रह्मवादी, परमात्मावादी र भक्त। त्यसरी नै पहिला भनेअनुसार ब्रह्मज्योति (अध्यात्मिक आकाश) मा अनगिन्ती आध्यात्मिक लोक हुन्छन्। यस भौतिक जगत्का लोकभन्दा त्यस लोकका लोकहरू धेरै धेरै ठूला छन्। यो भौतिक जगत् सम्पूर्ण सृष्टिको करिब चार भागको एक भाग मात्र छ। (**एकांशेन स्थितो जगत्**)। यो भौतिक खण्डमा लाखौँ करोडौँ ब्रह्माण्ड छन्। तिनका खरबौँ लोक र सूर्य, तारा र चन्द्रमा छन्। तर, यो भौतिक सृष्टि सम्पूर्ण सृष्टिको एउटा सानो टुक्रा वा भाग मात्र हो। धेरै जस्तो सृष्टि आध्यात्मिक आकाशअन्तर्गत छ। जसले

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आफूलाई परम ब्रह्मको अस्तित्वमा समाहित गर्न चाहन्छ ऊ भगवान्को ब्रह्मज्योतिमा स्थानान्तरित हुन्छ र उसले आध्यात्मिक आकाश प्राप्त गर्दछ। जुन भक्तले भगवान् सँग मनोरञ्जन गर्न चाहन्छ ऊ अनगिन्ती वैकुण्ठलोक मध्ये एउटामा प्रवेश गर्दछ। भगवान्का विस्तारित रूप चार हात धारण गर्नु भएका भगवान् नारायण जसका प्रद्युम्न, अनिरूद्ध र गोविन्द आदि नाम गरेका सहयोगी छन्, भक्तले त्यहाँ उहाँसँग निवास गर्न पाउँदछ। त्यसकारण, अध्यात्मवादीले आफ्नो जीवनको अन्त्यमा ब्रह्मज्योति, परमात्मा वा भगवान् श्रीकृष्णको स्मरण गर्दछन्। जुनसुकै अवस्थामा पनि उनीहरू आध्यात्मिक आकाशमा प्रवेश गर्दछन् तर, भक्त जो भगवान्सँगको व्यक्तिगत सम्पर्कमा हुन्छ ऊ वैकुण्ठलोक, गोलोक, वृन्दावनलोकमा प्रवेश गर्दछ। भगवान्ले यसमा अरू जोड्दै भन्नु हुन्छ—"यसमा कुनै शङ्का छैन।" यो कुरामा विश्वास नगर्ने प्रश्न नै उठ्दैन।

*भगवद्गीता* (८.६) मा मानिसले मृत्युको समयमा भगवान्को स्मरण गऱे उसले भगवान्को धाममा प्रवेश गर्न पाउँदछ भन्ने साधारण सिद्धान्तको पनि व्याख्या गरिएको छ।

**यं यं वापि स्मरन् भावं त्यजत्यन्ते कलेवरम् ।**
**तं तमेवैति कौन्तेय सदा तद्भावभावितः ॥**

"मानिसले आफ्नो यो वर्तमान शरीर त्याग गर्ने समयमा जुन भाव वा अवस्थाका बारेमा स्मरण गर्दछ अर्को जन्ममा उसले निश्चय नै त्यही भाव वा अवस्था प्राप्त गर्दछ।" अब हामीले यो भौतिक प्रकृति भगवान्को एउटा शक्तिको प्रस्तुति मात्र हो भन्ने कुरा बुझ्नु पर्दछ। विष्णु पुराण (६.७.६१) मा भगवान्का सम्पूर्ण शक्तिका बारेमा चित्रण वा वर्णन गरिएको छ—

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**विष्णुशक्तिः परा प्रोक्ता क्षेत्रज्ञाख्या तथा परा**
**अविद्याकर्मसंज्ञान्या तृतीया शक्तिरिष्यते ॥**

भगवान्का विभिन्न प्रकारका अनगिन्ती शक्तिहरू छन् जुन हाम्रो कल्पनाभन्दा बाहिरको कुरा छन्, तैपनि महान् विद्वान् ऋषि मुनि र मुक्त आत्माहरूले त्यस शक्तिको अध्ययन गरेर त्यसलाई तीन भागमा विभाजन गरेका छन्। सम्पूर्ण शक्ति विष्णुशक्ति हुन्। त्यसैले, ती सबै भगवान् श्रीविष्णुका विभिन्न प्रकारका शक्ति हुन्। पहिलो शक्ति 'परा' हो जसको बारेमा पहिला नै वर्णन गरिसकिएको छ। अन्य शक्ति वा भौतिक शक्ति तमो गुणका प्रभावमा हुन्छ। मृत्युको समयमा हामीहरू भौतिक संसारको निम्नस्तरको शक्तिमा रहेका हुन्छौं वा हामी आध्यात्मिक संसारको दिव्य शक्तिमा परिवर्तन हुन सक्दछौं। त्यसैले *भगवद्गीता* (८.६) मा भनिएको छ।

**यं यं वापि स्मरन् भावं त्यजत्यन्ते कलेवरम् ।**
**तं तमेवैति कौन्तेय सदा तद्भावभावितः ॥**

"मानिसले आफ्नो यो वर्तमान शरीर त्याग गर्ने समयमा जुन भाव वा अवस्थाका बारेमा स्मरण गर्दछ, अर्को जन्ममा उसले निश्चय नै त्यही भाव वा अवस्था प्राप्त गर्दछ।"

जीवनमा हामी भौतिक वा आध्यात्मिक शक्तिका बारेमा सोचिरहन अभ्यस्त भएका हुन्छौं। अब हामीले हाम्रा विचारहरूलाई भौतिक शक्तिबाट आध्यात्मिक शक्तिमा कसरी स्थानान्तरण गर्न सक्दछौं? त्यस्ता धेरै साहित्यहरू छन् जसले हाम्रा विचारलाई भौतिक शक्तिले भरिदिन्छन् जस्तै— समाचार पत्र, पत्रिका, उपन्यास आदि। अहिले हाम्रो सोच्ने शक्ति जुन यस्ता साहित्यमा लागेको छ, हामीले त्यसलाई त्यहाँबाट हटाएर वैदिक साहित्यमा लगाउनु पर्दछ। त्यसकारण, महान् ऋषिहरूले

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi



धेरै वैदिक साहित्यको रचना गर्नु भएको छ, वा लेख्नु भएको छ। जस्तै—पुराणहरू। पुराणहरू कल्पना गरिएका पुस्तक होइनन्। यी त ऐतिहासिक अभिलेख हुन्। *चैतन्य चरितामृत* (*मध्य* २०.१२२) मा यस्तो श्लोक छ।

**मायामुग्ध जीवेर नाहि स्वत कृष्णज्ञान**
**जीवेर कृपाय कैला कृष्ण वेद-पुराण ।**

जीवको बिर्सने बानी वा बद्ध आत्मा भएको हुनाले तिनीहरूले भगवान्सँगको आफ्नो सम्बन्धलाई बिर्सिएका छन्। त्यसैले, तिनीहरूमा भौतिक क्रियाकलापतर्फको चिन्तन एकाग्र भएको छ। तिनीहरूको सोच्ने शक्तिलाई आध्यात्मिक आकाशतर्फ फर्काउनका लागि कृष्णद्वैपायन व्यासदेवले धेरै सङ्ख्यामा वैदिक साहित्य प्रदान गर्नु भएको छ। सर्वप्रथम उहाँले वेदलाई चार भागमा विभाजित गर्नु भयो। त्यसपछि तिनलाई पुराणमा विस्तृत वर्णन गर्नु भयो अनि कर्म क्षमता हुनेहरूका लागि महाभारत लेख्नु भयो। महाभारतमा नै उहाँले *भगवद्गीता* प्रस्तुत गर्नु भयो। त्यसपछि सबै वैदिक साहित्यको सार सङ्क्षेप वेदान्त सूत्रमा प्रस्तुत गर्नु भयो अनि भविष्यको मार्गदर्शन गर्नका लागि वेदान्त सूत्रको स्वाभाविक तात्पर्य लेख्नु भयो, जसलाई *श्रीमद्भागवत्* भनिन्छ। हामीले हाम्रो मनलाई सधैँ यिनै वैदिक साहित्यको अध्ययन गर्न संलग्न गराउनु पर्दछ। जसरी, भौतिकवादीहरू आफ्नो मन धेरै प्रकारका भौतिक साहित्य जस्तै—समाचार पत्र, पत्रिका आदि पढ्नमा लगाउँदछन्, त्यसरी नै हामीले हाम्रो मनलाई व्यासदेवले दिनु भएका साहित्यको अध्ययन गर्न स्थानान्तर गर्नु पर्दछ। यसो गरेमा मात्र हामीले मृत्युको समयमा भगवान्को स्मरण गर्न सम्भव हुनेछ। भगवान्ले एकमात्र यही सुझाव दिनु भएको छ र त्यसको फलको प्रत्याभूति गर्नु भएको छ—"त्यसमा कुनै शङ्का छैन।"

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


**तस्मात् सर्वेषु कालेषु मामनुस्मर युध्य च ।**
**मय्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयः ॥**

"त्यसैले, हे अर्जुन! तिमीले मेरो भगवान् श्रीकृष्णको रूपको सधैँ स्मरण गर र आफूलाई तोकिएको कार्य युद्ध पनि गर। यसरी तिम्रा क्रियाकलाप ममा समर्पण गरेपछि तिम्रो मन र बुद्धि ममा स्थिर हुनेछ र तिमीले मलाई प्राप्त गर्नेछौं। यसमा कुनै शङ्का छैन। (*भगवद्गीता* ८.७)

भगवान् श्रीकृष्णले अर्जुनलाई केवल मेरो स्मरण मात्र गर, आफ्नो कार्य नगर भनेर सल्लाह दिनु भएन। भगवान्ले कुनै पनि अव्यावहारिक सल्लाह कहिल्यै पनि दिनु हुन्न। यस भौतिक संसारमा मानिसले आफ्नो शरीर निर्वाहका लागि कार्य गर्नु नै पर्दछ। मानव समाज कार्यअनुसार चार भागमा विभाजित गरिएको छ। ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र। ब्राह्मण विद्वान्वर्गले एक प्रकारले कार्य गर्दछन्, क्षत्रिय प्रशासनिक वर्गले अर्को प्रकारले कार्य गर्दछन्। त्यसै गरेर वैश्य व्यापारिक वर्ग र शूद्र मजदुरवर्गले आफ्ना विशेष प्रकारका कार्यहरू गर्दछन्। मानव समाजमा रहेको व्यक्ति चाहे त्यो मजदुर होस्, व्यापारी होस्, प्रशासक वा कृषक होस् वा त्यो उच्च वर्गको विद्वान् व्यक्ति वा वैज्ञानिक वा धर्मशास्त्रको विज्ञ होस्, सबैले जीवन यापनका लागि कार्य गर्नु नै पर्दछ। त्यसैले, भगवान्ले अर्जुनलाई आफ्नो पेशा छोड्नु पर्दैन भनेर भन्नु भएको छ। तर, आफ्नो पेशामा संलग्न हुँदा भगवान्को स्मरण गर्न भन्नु भएको छ (**माम् अनुस्मर**)। यदि बाँच्नका लागि सङ्घर्ष गरिरहँदा भगवान् श्रीकृष्णको स्मरण गर्ने अभ्यास नगरे मृत्युको समयमा भगवान् श्रीकृष्णको स्मरण गर्न सम्भव हुँदैन। भगवान् चैतन्यले पनि यस्तै उपदेश दिनु भएको छ। उहाँ भन्नु हुन्छ—**कीर्तनीय सदा हरिः** सबैले सधैँ भगवान्को नामको कीर्तन गर्ने अभ्यास गर्नु पर्दछ। भगवान्को नाम र भगवान्मा कुनै भिन्नता छैन। त्यसैले, भगवान् श्रीकृष्णले अर्जुनलाई

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi



निर्देशन दिँदै भन्नु हुन्छ—"मेरो स्मरण गर" र भगवान् चैतन्यको आदेश "सधैँ भगवान् श्रीकृष्णको नाम कीर्तन गर" भन्ने छ र यी दुवै समान निर्देशन हुन्। यी दुईमा कुनै भिन्नता छैन किनभने, भगवान् श्रीकृष्ण र उहाँका नाममा कुनै भिन्नता छैन। परम् अवस्थामा प्रेषक र प्रेषितमा कुनै भिन्नता हुँदैन। त्यसैले, हामीले सधैँ दिनमा चौबीस घण्टा भगवान्का नामको कीर्तन गर्दै भगवान्को स्मरण गर्ने अभ्यास गर्नु पर्दछ र हाम्रा कार्यहरूलाई यसरी मोड्नु पर्दछ जसले गर्दा हामीले सधैँ भगवान्को स्मरण गर्न सकौं।

त्यो कसरी सम्भव छ? आचार्यहरूले तल दिइएअनुसारको उदाहरण दिनु भएको छ। यदि विवाहित स्त्रीले कुनै अन्य पुरूषसँग सम्बन्ध राखिन् वा विवाहित पुरूषले आफ्नी पत्नीबाहेक अन्य स्त्रीसँग सम्बन्ध राखे त्यो आसक्तिलाई धेरै बलियो मानिन्छ। त्यस्तो आसक्तिमा प्रेमवश एकले अर्कोलाई निरन्तर सम्झना गरिरहेको हुन्छ। ती पत्नीले आफ्नो प्रेमिका बारेमा मात्र सोचिरहिन र त्यसमा सधैँ मिलन होस् भन्ने सोचाइ हुन्छ। यदि उनी घरायसी कार्य गरिरहेकी छिन् भने पनि मन प्रेमीप्रति नै हुन्छ। वास्तवमा उनले जब घरको कार्य गरिहेकी हुन्छिन् उनले आफ्नो पतिले उनको आसक्तिका बारेमा शङ्का नगरोस् भनेर अझ सतर्कतापूर्वक कार्य गर्दछिन्। त्यसै गरेर हामीले पनि हाम्रा परम प्रेमी भगवान्को निरन्तर स्मरण गर्दै आफ्ना भौतिक कार्यहरू असल तरिकाले सुसम्पन्न गर्नु पर्दछ। यसको लागि धेरै नै बलियो प्रेम हुन आवश्यक पर्दछ। यदि भगवान्प्रति हाम्रो बलियो प्रेम छ भए हामीले उहाँको स्मरण गर्दै आफ्ना कार्यहरू सम्पन्न गर्न सक्दछौं। हामीले त्यस प्रकारको बलियो प्रेमको विकास गर्नु पर्दछ। उदाहरणमा अर्जुनलाई लिऊँ। उनले सधैँ भगवान् श्रीकृष्णको स्मरण गरिरहन्थे। उनी भगवान् श्रीकृष्णका दृढ़ मित्र थिए साथसाथै उनी योद्धा पनि थिए। भगवान् श्रीकृष्णले उनलाई युद्ध त्यागेर

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


वनमा गएर ध्यान गर भनेर सल्लाह दिनु भएन। जब भगवान् श्रीकृष्णले योग प्रणालीको बारेमा अर्जुनसँग वर्णन गर्दै हुनु हुन्थ्यो, अर्जुनले त्यो प्रणालीको अभ्यास गर्न उनलाई सम्भव छैन भनेर भने।

**योऽयं योगस्त्वया प्रोक्तः साम्येन मधुसूदन ।**
**एतस्याहं न पश्यामि चञ्चलात्वात् स्थितिं स्थिराम् ॥**

अर्जुनले भने—"हे मधुसूदन! हजुरले जुन योग प्रणालीको विस्तृत वर्णन गर्नु भयो, त्यो मेरा लागि अव्यावहारिक र असह्य छ र मन चञ्चल अनि अस्थिर पनि छ।" (*भगवद्गीता* ६.३३)

तर, भगवान्‌ले भन्नु भयो—

**योगिनामपि सर्वेषां मद्गतेनान्तरात्मना ।**
**श्रद्धावान्भजते यो मां स मे युक्ततमो मतः ॥**

"सबै योगीहरूमा जो श्रद्धापूर्वक मेरो शरणमा पर्दछ, जसले आफूभित्र मेरो स्मरण गर्दछ र जसले मेरो भक्तिमय दिव्य सेवा गर्दछ, ऊ मसँग घनिष्ठतापूर्वक योगद्वारा जोडिन्छ। ऊ नै सर्वोत्कृष्ट हुन्छ। यो मेरो मत हो।" (*भगवद्गीता* ६.४७)

जसले निरन्तर भगवान्‌को स्मरण गर्दछ ऊ सर्वोत्कृष्ट योगी हो, सबैभन्दा ज्ञानी हो र ऊ नै सबैभन्दा महान् भक्त पनि हो। भगवान्‌ले अझ अघि अर्जुनलाई भन्नु भयो, तिमी क्षत्रिय भएको हुनाले युद्ध त्याग्न सक्दैनौं तर, अर्जुन तिमीले मेरो स्मरण गर्दै युद्ध गरेमा तिमीले आफ्नो मृत्युको समयमा मेरो स्मरण गर्न सक्ने छौ। तर, त्यसको लागि मानिस भगवान्‌को प्रेममय दिव्य सेवामा पूर्ण समर्पित हुनु पर्दछ।

वास्तवमा हामीले हाम्रा कार्यहरू शरीरद्वारा गर्दैनौं, मन र बुद्धिद्वारा गर्दछौं। यदि हाम्रो मन र बुद्धि निरन्तर भगवान्‌को स्मरणमा संलग्न

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भए हाम्रा इन्द्रियहरू स्वाभाविकरूपले भगवान्‌को सेवामा संलग्न भइहाल्दछन्। यसो गर्दा सतहीस्तरमा इन्द्रियका क्रियाकलाप समान हुन्छन् तर, चेतनामा परिवर्तन हुन्छ। *भगवद्गीतामा* मानिसले आफ्नो मन र बुद्धिलाई कसरी भगवान्‌को स्मरणमा लीन गराउन सक्दछ भनेर शिक्षा दिइएको छ। त्यस्तो भगवान्‌सँगको निमग्नताले त्यो व्यक्तिलाई भगवान्‌को लोक वा राज्यमा स्थानान्तरण गर्न योग्य बनाउँदछ। यदि मन भगवान्‌को सेवामा संलग्न भयो भने इन्द्रियहरू स्वतः भगवान्‌को सेवामा संलग्न हुन्छन्। यो नै कला हो र यो नै *भगवद्गीताको* रहस्य हो—सम्पूर्ण रूपले भगवान् श्रीकृष्णको स्मरणमा निमग्न हुनु।

आधुनिक मानिसहरूले चन्द्रमामा पुग्नका लागि धेरै परिश्रम गरे तर, आफ्नो आध्यात्मिक विकासका लागि केही प्रयास गरेका छैनन्। यदि कसैको पचास वर्षको उमेर अब बाँकी छ भने उसले यो छोटो समयमा भगवान्‌को स्मरण गर्ने अभ्यासमा विकास गर्नका लागि आफूलाई गतिमा संलग्न गर्नु पर्दछ। यो नै भक्तिमय प्रक्रियाको अभ्यास हो।

**श्रवणं कीर्तनं विष्णोस्मरणं पादसेवनम्**
**अर्चनं वन्दनं दास्यं सख्यं आत्मनिवेदनम् ।**

(*श्रीमद्भागवत* ७.५.२३)

यी नौ प्रकारका प्रक्रियामा सबैभन्दा सजिलो श्रवणं हो अर्थात् अनुभूति गरेका व्यक्तिबाट *भगवद्गीताको* बारेमा श्रवण गर्नु हो। अनि मात्र मानिसले भगवान्‌को स्मरण गर्नेतर्फ आफूलाई मोड्न सक्दछ। यसले मानिसलाई भगवान्‌को स्मरण गर्नेतर्फ अघि बढाउँदछ अनि शरीरको त्यागपश्चात् उसले आध्यात्मिक शरीर प्राप्त गर्दछ। जसले गर्दा उसले भगवान्‌को सङ्गत वा साथ प्राप्त गर्न सक्षम हुन्छ। भगवान् अझ अघि भन्नु हुन्छ—

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


**अभ्यासयोगयुक्तेन चेतसा नान्यगामिना ।**
**परमं पुरुषं दिव्यं याति पार्थानुचिन्तयन् ॥**

"जसले मलाई भगवान् मानेर मेरो ध्यान गर्दछ, आफ्नो मन निरन्तर मेरो स्मरणमा संलग्न गराउँदछ र त्यस मार्गबाट विचलित हुँदैन, हे अर्जुन! उसले निश्चित नै मलाई प्राप्त गर्दछ।" ( *भगवद्गीता* ८.८)

यो प्रक्रियामा त्यति धेरै अप्ठ्यारो छैन तर, त्यसको लागि मानिसले अनुभवी व्यक्तिबाट सिक्नु पर्दछ। **तद विज्ञानार्थं स गुरुं एवाभिगच्छेत्** जुन व्यक्ति यो अभ्यासमा प्रवेश गरिसकेको छ मानिस त्यस्ता व्यक्तिको प्रशिक्षणमा जानु पर्दछ। यो मन चञ्चल भएकाले यताउता उडिरहन्छ तर, मानिसले भगवान् श्रीकृष्णको रूप वा उहाँको नामको उच्चारण भएको आवाजमा निरन्तर आफ्नो मनलाई स्थिर गर्ने अभ्यास गर्नु पर्दछ। निश्चय नै यो मन अति अस्थिर छ, त्यसैले यता र उता भौंतारिरहन्छ तर, यो भगवान् श्रीकृष्णको नामको गुञ्जनमा स्थिर हुन सक्दछ। त्यसैले, मानिसले भगवान् परम् पुरूष आफ्नो आध्यात्मिक साम्राज्य आध्यात्मिक आकाश गोलोक वृन्दावन धाममा रहनु भएको रूपको ध्यान गर्नु पर्दछ अनि मात्र उसले उहाँलाई प्राप्त गर्न सक्दछ। मूलभूत अनुभूति, मूलभूत उपलब्धिका उपायहरूका बारेमा *भगवद्गीतामा* वर्णन गरिएको छ। त्यो ज्ञानको ढोका प्रत्येकका लागि खुला छ र कसैका लागि पनि बन्देज छैन। कुनै पनि वर्गको मानिसले भगवान् श्रीकृष्णका बारेमा स्मरण गरेर, उहाँका नाम उच्चारण सुनेर उहाँलाई प्राप्त गर्न सक्दछ र यसो गर्नु प्रत्येक मानिसका लागि सम्भव छ।

भगवान्ले अझ अघि भन्नु हुन्छ ( *भगवद्गीता* ९.३२–३३)

**मां हि पार्थ व्यपाश्रित्य योऽपि स्युः पापयोनयः ।**
**स्त्रियो वैश्यास्तथा शूद्रास्तेऽपि यान्ति परां गतिम् ॥**

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**किं पुनर्ब्राह्मणाः पुण्या भक्ता राजर्षयस्तथा ।**
**अनित्यमसुखं लोकमिमं प्राप्य भजस्व माम् ॥**

यहाँ भगवान् भन्नु हुन्छ एउटा व्यापारी, पतित स्त्री वा मजदूर वा मानव जातिको अति तल्लो स्तरको व्यक्तिले पनि भगवान्लाई प्राप्त गर्न सक्दछ। त्यसको लागि धेरै उन्नति गरेको विद्वान् हुनु आवश्यक छैन। मुख्य विषय के हो भने जसले भक्ति योगको सिद्धान्तलाई स्वीकार गर्दछ, भगवान्लाई आफ्नो जीवनको परम हित गर्ने भनेर स्वीकार गर्दछ, उहाँलाई आफ्नो परम् लक्ष्य ठान्दछ, मूलभूत केन्द्र ठान्दछ उसले आध्यात्मिक आकाश वा गोलोकस्थित भगवान्लाई प्राप्त गर्न सक्दछ। यदि कसैले *भगवद्गीतामा* उल्लेख गरिएका सिद्धान्तलाई ग्रहण गर्दछ, उसले आफ्नो जीवनलाई पूर्ण बनाउँदछ र जीवनका सम्पूर्ण समस्याको स्थायी समाधान गर्दछ। यो नै सम्पूर्ण *भगवद्गीताको* सारांश हो।

निष्कर्षमा भन्नु पर्दा *भगवद्गीता* एउटा दिव्य र उत्कृष्ट साहित्य हो। त्यसैले, प्रत्येकले धेरै नै सतर्क भएर यसको अध्ययन गर्नु पर्दछ। **गीताशास्त्रमिदं पुण्यं य पठेत्प्रयतः पुमान्।** यदि मानिसले *भगवद्गीताका* निर्देशन र उपदेशको सही तरिकाले पालना गरेमा त्यो व्यक्ति जीवनका सबै प्रकारका दुःख र चिन्ताबाट मुक्त हुन्छ। **भयशोकादिवर्जितः** मानिस यस जीवनका सबै प्रकारका भयबाट मुक्त हुन्छ र उसको अर्को जीवन अध्यात्मिक हुन्छ। (*गीता महात्म्य* १)

यसभन्दा अरू लाभहरू पनि छन्—

**गीताध्ययनशीलस्य प्राणायामपस्य च ।**
**नैव सन्ति हि पापानि पूर्वजन्मकृतानि च ॥**

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


"यदि कसैले *भगवद्गीताको* धेरै नै निष्कपटतापूर्वक र अति गम्भीर भएर अध्ययन गर्दछ तब भगवान्का कृपाले उसका सबै पूर्व जन्मका पाप कर्मका प्रतिफलले उसलाई असर गर्न सक्दैनन्। (*गीता महात्म्य* २)

*भगवद्गीता* (१८.६६) को अन्त्यतिर भगवान्ले धेरै उच्च स्वरमा भन्नु हुन्छ—

**सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज ।**
**अहं त्वां सार्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥**

"सबै प्रकारका धर्मको परित्याग गरेर केवल एकमात्र मेरो शरणमा आऊ। म तिमीलाई सबै पाप फलबाट मुक्त गरिदिन्छु, नडराउ।" जुन व्यक्ति भगवान्को शरणमा पर्दछ, भगवान्ले उसका सबै जिम्मेवारी वहन गर्नु हुन्छ र उसका पाप कर्मका फलबाट समेत सुरक्षित गरिदिनु हुन्छ।

**मलनिर्मोचनं पुंसां जलस्नानं दिने दिने ।**
**सकृद् गीताम्भृतस्नानं संसारमल नाशनम् ॥**

"जसले दिनहुँ पानीले स्नान गर्दछ उसले आफूलाई सफा राख्दछ तर, यदि कसैले एक पटक मात्र पनि पवित्र गंगारूपी *भगवद्गीताको* पानीमा स्नान गर्दछ उसका भौतिक जीवनका सबै फोहोर सफा हुन्छन्।" (*गीता महात्म्य* ३)

**गीता सुगीता कर्त्तव्या किमन्यैः शास्त्रविस्तरैः ।**
**या स्वयं पद्मनाभस्य मुखपद्माद्विनिः सृता ॥**

*भगवद्गीता* भगवान्ले भन्नु भएको हुनाले मानिसले अन्य वैदिक साहित्यको अध्ययन गर्नु आवश्यक नै छैन। मानिसले दिनहुँ, ध्यानपूर्वक, *भगवद्गीताको* श्रवण गर्ने र अध्ययन गर्ने गर्नु पर्दछ। वर्तमान युगमा

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मानिसहरू मूर्खतापूर्ण क्रियाकलापमा यति धेरै संलग्न छन्, त्यसैले तिनीहरूका लागि सम्पूर्ण वैदिक साहित्यको अध्ययन गर्नु सम्भव नै छैन। त्यो आवश्यक पनि छैन। यो एउटा पुस्तक *भगवद्गीता* नै पर्याप्त छ किनभने, यो पुस्तक सम्पूर्ण वैदिक साहित्यको सार हो र विशेष गरेर यो स्वयं भगवान्ले भन्नु भएको हो। (गीता महात्म्य ४)

भनिएको छ—

**भारतामृतसर्वस्वं विष्णुवक्त्राद्विनिः सृतम् ।**
**गीता-गङ्गोदकं पीत्वा पुनर्जन्म न विद्यते ॥**

"यदि कसैले गंगाको पानी पिउँदछ भने उसले मुक्ति प्राप्त गर्दछ। जसले *भगवद्गीतारूपी* अमृत पिउँदछ उसको बारेमा के नै भन्ने? *भगवद्गीता* महाभारतको अति आवश्यक अमृत हो र यो भगवान् श्रीकृष्ण, जो स्वयं मूल विष्णु हुनुहुन्छ उहाँले नै भन्नु भएको हो। (*गीता महात्म्य* ५) *भगवद्गीता* भगवान्का मुखारबिन्दबाट प्रकट भएकी हुन् र गंगा भगवान्का चरणारविन्दबाट उत्पन्न भएकी हुन् भनिन्छ। निश्चय नै भगवान्को मुख र चरणमा कुनै भिन्नता हुँदैन तर, पक्षपातरहित अध्ययनबाट *भगवद्गीताको* प्रशंसा गर्न सक्दछौं र *भगवद्गीता* गंगाभन्दा महत्त्वपूर्ण छिन्।

**सर्वोपनिषदो गावो दोग्धा गोपालनन्दनः ।**
**पार्थो वत्सः सुधीर्भोक्ता दुग्धं गीतामृत महत् ॥**

"यो गीतोपनिषद् *भगवद्गीता* सम्पूर्ण उपनिषदहरूको सार हो र यी गाई समान् छन्। भगवान् जो गोठालोको रूपमा प्रख्यात हुनुहुन्छ, उहाँले यो गाईरूपी गीताबाट दूध दुहुनु भएको छ। अर्जुन बाच्छा समान हुन् र यो *भगवद्गीतारूपी* अमृतमय दूध विद्वान् व्यक्ति भक्तहरूले पिउनका लागि नै हो। (*गीता महात्म्य* ६)

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


**एकं शास्त्रं देवकी पुत्रगीतम्**
**एको देवो देवकी पुत्र एव ।**
**एको मन्त्रास्तस्य नामानि यानि**
**कर्माप्येकं तस्य देवस्य सेवा ॥**

वर्तमान् समयमा मानिसहरू केवल एउटा शास्त्रमा, एउटा भगवान् र एउटा पेशा मात्रका लागि धेरै इच्छुक छन्। त्यसकारण **एकं शास्त्रं देवकी पुत्र गीतम्।** त्यसैले, केवल एउटा मात्र साहित्य होस्, संसारका लागि सार्वजनिक होस् त्यो *भगवद्गीता* होस्। **एको देवो देवकी पुत्र एव —** सम्पूर्ण विश्वका लागि केवल एउटा मात्र भगवान् होऊन्- भगवान् श्रीकृष्ण। **एको मन्त्रस्तस्य नामानि यानि —** एउटा मात्र स्तुति एउटा मात्र मन्त्र र एउटा मात्र प्रार्थना होस् त्यो भगवान्को नामको कीर्तन होस्— **हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे, हरे राम हरे राम राम राम हरे हरे। कर्माप्येकं तस्य देवस्य सेवा** — केवल एउटा मात्र कार्य होस्— त्यो पनि केवल भगवान्को सेवा मात्र होस्।

**समाप्त**

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# लेखक परिचय

श्री श्रीमद् अभयचरणारविन्द भक्तिवेदान्त स्वामी प्रभुपादको जन्म सन् १८९६ मा भारतको कलकत्तामा भयो। सन् १९२२ मा उहाँले आफ्ना गुरुदेव श्रीभक्ति सिद्धान्त सरस्वती गोस्वामीलाई कलकत्तामा पहिलो पटक भेट्नु भयो। श्रीभक्ति सिद्धान्त सरस्वती गोस्वामी त्यस समय भारतभरि चौसठ्ठी गौडीय मठ-मन्दिरहरू स्थापना गरी अत्यन्त चर्चित, सुप्रसिद्ध विद्वान तथा *महाभगवतको* रूपमा परिचित हुनु हुन्थ्यो। उहाँले तत्कालीन सुशिक्षित युवा भय चरण (स्वामी प्रभुपाद) लाई अत्यन्त मन पराउनु भयो। त्यही पहिलो भेटमा सरस्वती गोस्वामीले अभय चरणलाई वैदिक सनातन धर्मको शाश्वत सन्देश विश्वमा सर्वत्र प्रचार-प्रसार गर्न प्रेरणा प्रदान गर्नु भएको थियो। अभय चरण त्यसरी सरस्वतीपादका अनुयायी बने र एघार वर्ष बितेपछि सन् १९३३ मा तीर्थराज प्रयागको अलाहावाद नगरीमा उनले सरस्वतीपादको करकमलबाट दीक्षा ग्रहण गरे।

सन् १९२२ को पहिलो भेटमै श्रीभक्ति सिद्धान्त सरस्वती गोस्वामीबाट अङ्ग्रेजी भाषामा वैदिक सनातन धर्मको शाश्वत सन्देश प्रचार-प्रसार गर्ने सत्प्रेरणा पाएको हुँदा पछिल्ला वर्षहरूमा श्रील प्रभुपादले *भगवद्गीतामा* विशद् भाष्य लेख्ने काम सम्पन्न गर्नुका साथै गौडीय मठको प्रचार-प्रसार कार्यक्रममा यथासक्य सहयोग गर्नु भयो। सन् १९४४ मा उहाँ एक्लैले अङ्ग्रेजी पाक्षिक भगवद् दर्शन (Back To God Head) पत्रिकाको प्रकाशन आरम्भ गर्नु भयो। उहाँले नै पाण्डुलिपि टङ्कन, परिमार्जन एवं सम्पादन गर्नुका साथै ती पत्रिकाहरू निःशुल्क वितरण गर्दै प्रकाशनलाई निरन्तरता दिनु भयो।

श्रील प्रभुपादको विद्वता र भक्तिभावको सहर्ष सराहना गर्दै सन् १९४७ मा गौडीय वैष्णव समाजले उहाँलाई "भक्तिवेदान्त" उपाधिद्वारा


agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सम्मानित गऱ्यो। सन् १९५० तिर श्रील प्रभुपाद चौवन्न वर्ष पुगिसक्नु भएको थियो र उहाँले त्यही वर्ष गृह-त्याग गरी अनन्यभावमा भगवद्सेवा गर्ने दृढ संकल्प गर्नु भयो। घर-परिवार छोडेको चार वर्ष बितीसके पछि वानप्रस्थ धारण गरी स्वाध्याय, साधना तथा लेखन कार्यमा बढी समय सदुपयोग गर्ने उद्देश्यअनुरूप उहाँ श्रीकृष्णको पावन लीलास्थली श्रीधाम वृन्दावनतर्फ लाग्नु भयो। श्रीवृन्दावन धामस्थित ऐतिहासिक राधा-दामोदर मन्दिरको सानो कोठा उहाँको नयाँ निवास बन्यो। राधा-दामोदरजीको सान्निध्यमा रहेका सानो कोठाभित्र श्रील प्रभुपाद केही वर्षसम्म गहिरो चिन्तन-मनन्, स्वाध्याय तथा लेखन कार्यको अनन्त यात्रामा व्यस्त रहनु भयो। अनि सन् १९५९ मा उहाँले आश्रम-धर्मको सर्वोच्चता मानिने सन्यास आश्रम ग्रहण गर्नु भयो। राधा-दामोदर मन्दिरको सानो कोठामा रहँदा श्रील प्रभुपादले 'अन्य लोकहरूको सजिलो यात्रा' नामक सानो पुस्तक लेख्नु भएको थियो र त्यही कोठामा बसेर उहाँले वैदिक वाङ्मयरूपी कल्पवृक्षमा पाके मिठो फल मानिने अठ्ठार हजार श्लोकीय *श्रीमद्भागवत* ग्रन्थको अङ्ग्रेजी सरलार्थ तथा भावार्थसमेत प्रस्तुत गर्दै बहुखण्डमा *भगवत* ग्रन्थ तयार पार्ने शुभ कार्य थालनी गर्नु भयो।

*श्रीमद्भागवत्को* तीन खण्ड प्रकाशन गरेपछि सन् १९६५ मा श्रील प्रभुपाद आफ्ना गुरुदेवको सदिच्छा पूरा गर्न संयुक्त राज्य अमेरिका आउनु भयो। त्यसपछि श्रील प्रभुपादले भारतीय धर्म-दर्शनको गुढ मर्मलाई आजका मानिसहरूले बुझ्ने गरी करिब असी खण्डमा समयसापेक्ष एवं आधिकारिक अनुवाद र भाष्यसहितको ग्रन्थहरू लेख्नु भयो। मालवाहक पानी जहाजमा दुई महिना लामो यात्रा गरेर न्यूयोर्कमा आईपुग्दा, भनिन्छ श्रील प्रभुपाद अकिञ्चनप्रायः बनिसक्नु भएको थियो—उहाँको साथमा दुई-चार डलर पनि थिएन। तर, यस्तै आकाशवृत्तिमा रहेर पनि निकै आर्थिक कठिनाईहरूको सामना गर्दै लगभग एक वर्ष बिताईसकेपछि

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सन् १९६६ को जुलाई महिनामा उहाँले अन्तर्राष्ट्रिय कृष्णभावनामृत सङ्घ (International Society for Krishna Consciousness) स्थापना गर्नु भयो। सन् १९७७ को नभेम्वर १४ मा उहाँको परमपद हुन अघिका दिनहरूसम्म उहाँकै सक्षम मार्गदर्शनमा संस्थाद्वारा सञ्चालित विश्वव्यापी कृष्णभावनामृत अभियान हुर्क्यो, बढ्यो र परिपुष्ट बन्यो। अत्यन्त छोटो समयमा नै उहाँको कुशल नेतृत्वमा वैदिक सभ्यता र संस्कृतिको इतिहास बोकेका एउटा विश्व संस्था संगठित् भयो, जसमा १०८ भन्दा बढी मन्दिर, आश्रम, विद्यालय र कृषि फार्महरू आज हजारौँ दर्शनार्थीहरूको दर्शनीय स्थल बन्न पुगेका छन्।

सन् १९६८ मा श्रील प्रभुपादले वेष्ट भर्जिनियाको पहाडी भेगमा नव वृन्दावन धामको परिकल्पना गर्नु भयो। हाल आठ हजार रोपनी (एक हजार एकड) को भू-भागमा स्थापित उक्त नव वृन्दावन कृषि समुदायको सफलतालाई दृष्टिगत गरी उहाँका शिष्यहरूले संयुक्त राज्य अमेरिका लगायत अन्यत्र पनि यस्तै अनेकौं समुदायहरू खोलेका छन्।

सन् १९७५ मा श्रील प्रभुपादको नित्य-निवास मानिने श्रीधाम वृन्दावन भारतमा श्रीश्रीकृष्ण-बलराम मन्दिर तथा अन्तर्राष्ट्रिय अतिथि गृहको समुद्घाटन भयो। सन् १९७८ मा बम्बई जुहुस्थित श्रीश्रीराधा-रासबिहारीजी मन्दिरको समुद्घाटन सम्पन्न भयो। श्रील प्रभुपादले परिकल्पना गर्नु भएको सबभन्दा ठूलो परियोजना पश्चिम बङ्गाल मायापुरको मन्दिर परियोजना हो, जहाँ पचास हजारभन्दा बढी स्थानीयवासी भक्तजनहरूको बसोबास हुने वैदिक नगरी निमार्ण गर्ने अवधारणा रहेको छ। उक्त परियोजनाअन्तर्गत स्वर्ग, मर्त्यादि लोक-लोकान्तर साथै वैकुण्ठ लोकहरूको परिदृष्यसमेत प्रस्तुत हुने 'टेम्पल अफ वैदिक प्लानेटेरियम'—श्रीश्री मायापुर चन्द्रोदय मन्दिर प्राचीन वैदिक समुदायको मुकुटमणिको रूपमा रहने छ।

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi


श्रील प्रभुपादले पाश्चात्य मुलुकमा पनि प्राथमिक तथा माध्यामिक तहको वैदिक शिक्षा पद्धतिको सूत्रपात गर्नु भयो। गुरुकुल विद्यालय परियोजना सन् १९७२ बाट सुरु भएको हो तैपनि हाल विश्वमा सयौँ गुरुकुल विद्यालयहरूमा हजारौँ विद्यार्थी वटुकहरू अध्ययनरत् रहेका छन्।

श्रील प्रभुपादको सबैभन्दा उल्लेख्य योगदान हो उहाँका ग्रन्थहरू। विद्वद् समुदायभित्र ती ग्रन्थहरूको प्रामाणिकता, स्पष्टता र गहनतालाई अत्यधिक रूपमा कदर गरिएको छ र कतिपय महाविद्यालय र विश्व विद्यालयहरूमा त तिनलाई नियमित पाठ्यक्रममा समावेश गरिएका छन्। श्रील प्रभुपादका ती कृतिहरू हाल अस्सीभन्दा बढी विश्वभाषाहरूमा रूपान्तरित भएका छन्। श्रील प्रभुपादका कृतिहरू प्रकाशन गर्ने उद्देश्यअनुरूप सन् १९७२ मा स्थापित भएको 'भक्ति वेदान्त बुक ट्रष्ट' आज भारतीय धर्म-दर्शन सम्बन्धी पुस्तकहरू प्रकाशन गर्ने सबभन्दा ठूला प्रकाशक बन्न पुगेको छ। वयोवृद्धावस्थामा पुगिसकेर पनि श्रील प्रभुपादले बाह्र वर्षभित्र चौध पटक विश्व परिक्रमा गर्नु भयो। त्यो भ्रमण यात्रामा उहाँ छ वटै महादेशहरूमा पुगी वैदिक सनातन धर्मको प्रचार-प्रसार गर्नु भयो। यस्ता व्यस्ततापूर्ण यात्रा र दिनचर्या हुँदाहुँदै पनि श्रील प्रभुपादको लेखन कार्य द्रुततर गतिमा अघि बढ्दै रह्यो। उहाँका रचना र कृतिहरू वैदिक सनातन धर्म, दर्शन तथा संस्कृतिको विशाल पुञ्ज हो।

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

agannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nep

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो भगवद्गीता योगको मुख्य श्रोत सम्बन्धी पुस्तक हो र भारतको वैदिक विद्वत्ताको छोटकरी सारांश पनि हो। यो पुस्तक भगवान्को दर्शन रुपी कृष्णभावनामृतको परिचय पनि हो जुन सम्पूर्ण र संक्षिप्त भगवद्गीता यथारुपको परिचय पनि हो।



ISBN 978-93-83095-34-6
90000 >
9 789383 095346
भक्तिवेदान्त बुक ट्रस्ट

६०० भन्दा बढी ई-पुस्तकहरू र ८००० घण्टाभन्दा बढीका अडियो वा सुन्न सकिने पुस्तकहरू ट्रान्सेन्ड एपमा पाउनको लागि क्यू आर कोडमा स्क्यान गर्नुहोस्।
Download Now
TRANSCEND
To A Higher Life
www.transcendstore.com

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nep